# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १७६ | बुटवल | २०८३ असार १६ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday Jun 30, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


## पौडेल थप तीन दिन थुनामा



बुटवल । नेकपा (एमाले)का उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेललाई थप दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ।

सोमबार विशेष अदालत, काठमाडौंले पौडेललाई थप तीन दिन हिरासतमा राख्न अनुमति दिएको हो । यसअघि सात दिन हिरासतमा राख्न अनुमति दिएको थियो ।

## क्याम्पसमा विद्यार्थी संगठनका संरचना हटाउन निर्देशन



बुटवल । त्रिभुवन विश्वविद्यालयले आंगिक क्याम्पसहरूलाई विद्यार्थी संगठनका संरचना हटाउन भनेको छ। त्रिवि, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले एक सचूना जारी गरेर सरकारको निर्णयअनुसार विद्यार्थी संगठनका संरचना हटाउन भनेको हो ।

विश्वविद्यालय अनुदान आयोगको पत्र र शिक्षा तथा खेलकुद मन्त्रालयको पत्रअनुसार त्रिविले सूचना जारी गरेको हो । शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिनभित्र विद्यालय/विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाई ९० दिन स्टुडेन्ट काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट संयन्त्रको विकास गर्ने भनेको थियो ।

'सोही अनुसार गरी गराई यस निर्देशनालयमा यथासिघ्र छिटो जानकारी गराउन हुन निर्देशानुसार अनुरोध गर्दछु ।'- त्रिविको सूचनामा भनिएको छ।

## खाद्यान्नमा आत्मनिर्भर बन्न साझा प्रतिबद्धता आवश्यक : कांग्रेस

बुटवल । नेपाली कांग्रेसले उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर बन्न दल, सरकार र सरोकारवालाबिच साझा प्रतिबद्धता आवश्यक रहेको बताएको छ ।

राष्ट्रिय धान दिवसको अवसरमा प्रमुख प्रतिपक्षी कांग्रेसले बर्सेनि धान तथा चामलमा बढ्दै गएको आयातप्रति चिन्ता जनाउँदै दिवस उत्सवमा मात्र सीमित नभएर कृषि विकासप्रतिको साझा प्रतिबद्धताको अवसर बन्नु पर्नेमा जोड दिएको छ ।

'उर्वर कृषि भूमि बाँझो रहने अवस्थाको अन्त्य गर्दै युवा पुस्तालाई कृषि क्षेत्रमा आकर्षित गर्ने, कृषिलाई सम्मानित र लाभदायी पेशाका रूपमा विकास गर्ने तथा उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर बन्न सबै राजनीतिक दल, सरकार र सरोकारवाला निकायबिच साझा प्रतिबद्धता आवश्यक छ ।'- संसदीय दलका नेता भीष्मराज आङ्देम्बेद्वारा जारी विज्ञप्तिमा भनिएको छ । कांग्रेस किसानको हक-हितको संरक्षण, कृषि क्षेत्रको आधुनिकीकरण, खाद्य सुरक्षाको सुनिश्चितता तथा कृषिको दिगो विकासका पक्षमा सदैव प्रतिबद्ध रहेको उनको भनाइ छ ।

संविधानले प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक सुनिश्चित गरेको भन्दै कांग्रेसले हकको प्रभावकारी कार्यान्वयनका लागि किसानमैत्री नीति, उत्पादनमुखी कृषि प्रणाली तथा कृषि क्षेत्रमा राज्यको लगानी अझ प्रभावकारी बनाउन आवश्यक रहेको पनि जोड दिएको छ ।

'राष्ट्रिय धान दिवसले कृषि उत्पादन वृद्धि, किसानको सम्मान, खाद्य सुरक्षाको सुदृढीकरण तथा समृद्ध नेपालको निर्माणका लागि सबैलाई थप प्रेरणा प्रदान गरोस् ।'- विज्ञप्तिमा भनिएको छ ।

## कम्युनिस्ट आन्दोलन सान्दर्भिक छ : ज्ञवाली

बुटवल । नेकपा एमालेका नेता युवराज ज्ञवालीले सरकारमा पुगेका केही नेताको भ्रष्ट आचरणका आधारमा मार्क्सवाद वा कम्युनिस्ट आन्दोलनलाई असान्दर्भिक ठहर गर्न नमिल्ने बताएका छन् ।

सोमबार काठमाडौंमा आयोजित 'वैज्ञानिक समाजवाद कि बहुदलीय समाजवाद' नामक पुस्तक विमोचन कार्यक्रममा बोल्दै उनले व्यक्ति र सिद्धान्तलाई अलग-अलग रूपमा हेर्नुपर्ने बताएका हुन् । उनले सरकारमा पुगेपछि नेता बिग्रिनु सिद्धान्तको कमजोरी नभई व्यक्तिको दोष भएको बताए ।

उनले नेताको भ्रष्ट व्यवहारकै आधारमा कम्युनिस्ट आन्दोलनको औचित्य सकियो भन्ने भ्रममा नबस्न समेत आग्रह गरे। उनले भने-'सरकारमा पुगेर नेता बिग्रिए सिद्धान्तको दोष हो र ? मान्छे बिग्रने, नेता बिग्रने, भ्रष्टाचार गर्ने अनि मार्क्सवादलाई दोष दिने ? नेता बिग्रिने तर कम्युनिस्ट आन्दोलन नै खतम भयो भनेर जुन पुँजीवादीहरूले हल्ला मच्चाइरहेका थिए, त्यस्तो हल्लामा हामी नलागौँ ।'

उनले अगाडि भने-'हो, अवश्य पनि हामी बिग्रिएका छौँ । को-को बिग्रिए पछि थाहा हुँदै जान्छ। नेताहरूको दोष छन्, मेरा पनि होलान् तर कम्युनिस्ट पार्टी असान्दर्भिक भइसकेको होइन । मार्क्सवाद असान्दर्भिक भइसकेको होइन । जनतको बुहदलीय जनवाद असान्दर्भिक भइसकेको होइन। र वैज्ञानिक समाजवाद असान्दर्भिक भइसकेको होइन ।'

ज्ञवालीले कम्युनिस्ट आन्दोलन, मार्क्सवाद, जनताको बहुदलीय जनवाद तथा वैज्ञानिक समाजवाद अझै पनि सान्दर्भिक रहेको बताए ।

### सरकार र रास्वपामाथि सांसदका प्रश्नैप्रश्न :

# प्रधानमन्त्री कार्यालयको शैली 'हिटलरको ग्यास च्याम्बर'

**लुम्बिनी संवाददाता**
*बुटवल*



नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद नरबहादुर विष्टले सरकार र सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को कार्यशैलीप्रति आपत्ति प्रकट गरेका छन् । सोमबार राष्ट्रियसभाको बैठकमा बोल्दै सांसद विष्टले सरकार सुशासनको नारा दिएर फासीवादतर्फ उन्मुख भएको र संविधानमाथि नै खतरा पैदा गरेको आरोप लगाए । बैठकको सुरुमा धान दिवसको शुभकामना दिँदै सांसद विष्टले पछिल्लो समय सामाजिक सञ्जालमा चर्चामा रहेको एक मार्मिक गीतको प्रसंग उल्लेख गरे ।

गीतले सहकारी ठगी, गरिबको रगत र वैदेशिक ऋणको चपेटामा परेको मुलुकको यथार्थ चित्रण गरेको भन्दै उनले सरकारको पृष्ठभूमि नै विवादास्पद रहेको बताए । 'एकातिर प्रदेशसभालाई बोझ भनेर खारेजीको कुरा गरिन्छ, अर्कोतिर ५७ जना मन्त्रीका स्वकीय सचिवहरूलाई विशिष्ट श्रेणीको सुविधा दिएर राज्यको ढुकुटी रित्याइँदै छ । तीन अर्बको गाडी खरिद गर्ने योजना सार्वजनिक भएको छ, जबकि सिंहदरबारभित्रै पुराना गाडीहरू थन्किएका छन् ।'- सांसद विष्टले भने । सांसद विष्टले हालै सम्पन्न रास्वपाको महाधिवेशनमा प्रस्तुत दस्ताबेजको चर्चा गर्दै रास्वपाभित्र वैचारिक द्वन्द्व देखिएको टिप्पणी गरे । उनले १८ वर्षमुनिका बालबालिकालाई पार्टी सदस्यता दिएको भन्दै रास्वपाको आलोचना गरे ।

त्यस्तै, राहदानी (एमआरपी) प्रकरणमा जर्मनीले नेपाली दूतावासलाई बोलाएर गालीगलौज गर्नुले नेपालको कूटनीतिक छवि धमिलिएको बताए । प्रधानमन्त्रीले भारत भ्रमणका क्रममा सीमा मिचिएको विषयमा दिएको अभिव्यक्ति र चिया निर्यातमा देखिएको अवरोधप्रति सरकार निरीह बनेको उनको भनाइ थियो ।

प्रधानमन्त्री कार्यालयको कार्यशैलीलाई 'हिटलरको ग्यास च्याम्बर' सँग तुलना गर्दै संवैधानिक अंगका प्रमुखहरू र मानवअधिकार आयोगका सदस्यहरूलाई बोलाएर धम्क्याउने काम भएको उनले आरोप लगाए । रक्षामन्त्री समेत रहेका प्रधानमन्त्री बालेन्द्र शाहलाई भेट्न गएका प्रधानसेनापति अशोकराज सिग्देलले घण्टौँ कुर्नुपर्ने अवस्था आएको भन्दै सरकारको कार्यशैली रहस्यमय रहेको बताए ।

उनले विश्वविद्यालयहरूमा उपकुलपति नियुक्तिमा बार्गेनिङ भइरहेको र शिक्षा तथा स्वास्थ्य क्षेत्र अस्तव्यस्त रहेको उल्लेख गर्दै सांसद विष्टले सुशासनको नारा केवल भ्रम मात्र भएको दाबी गरे । २०७२ सालको संविधानलाई निकम्मा बनाउने र देशलाई अस्थिरतातर्फ धकेल्ने षड्यन्त्र भइरहेको जिकिर गरे । संविधानको रक्षाका लागि आफूहरू सदैव दृढ रहने प्रतिबद्धता व्यक्त गर्दै सांसद विष्टले सरकारलाई राजनीतिक र कूटनीतिक संवादमार्फत मुलुकका समस्या समाधान गर्न सुझाव दिए ।

नेपाली कांग्रेसका सांसद जगत तिमिल्सिनाले बालबालिकालाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पार्टी सदस्यता दिएकोबारे राष्ट्रिय मानव अधिकार आयोगले ध्यान दिनुपर्ने बताएका छन् । आइतबार राष्ट्रियसभाको बैठकमा बोल्दै उनले यस्तो आग्रह गरेका हुन् । बालबालिकालाई पार्टीको सदस्यता दिइएकोबारे प्रश्न उठाउँदै उनले भने- 'राष्ट्रिय स्वतन्त्र पार्टीले नेपालको संविधान, कानुन एवं अन्तराष्ट्रिय कानुन विपरित गरेको उछृंखल व्यवहारको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगलगायत सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछु ।'

चितवनमा हालै सम्पन्न प्रथम महाधिवेशनमा पार्टीका महामन्त्री कबिन्द्र बुर्लाकोटीले सांगठनिक प्रतिवेदन पेस गरेका थिए । उक्त प्रतिवेदनअनुसार १८ वर्ष मुनिका ३५ हजार २५७ जना बालबालिकाले रास्वपाको सदस्यता लिएका छन् । रास्वपाको कूल सदस्य संख्या ५ लाख २३ हजार ४६५ छ । यसमध्ये ६.७ प्रतिशत सदस्य १८ वर्ष मुनिका बालबालिका छन् ।

सप्तरीको राजापुरका नगरपालिकाका नागरिकले बसोबास गरेको ८५ वर्षसम्म लालपुर्जा नपाएको विषय संसदमा उठेको छ ।

नेपाली कांग्रेसका सांसद रन्जित कर्णका अनुसार राजापुर नगरपालिकाका नगरवासीहरू ४३ दिनदेखि आन्दोलनमा छन् । 'त्यहाँ ७० विगाहा जग्गा र ५ हजार २३५ घरधुरीले बसोबास गरेको ८५ वर्ष भइसक्यो उहाँहरूले लालपुर्जा पाउनुभएको छैन ।'- सांसद कर्णले आइतबार राष्ट्रियसभाको बैठकमा भने ।

नेपाल सरकारले यसमा कुनै चासो नदेखाएको उनले बताए । २०८० सालमा लालपुर्जा वितरण गर्ने भनेर नापी कार्यालयले सूचना निकालेको स्मरण गरे । तर पछि यो बीचमा यत्तिकै रोकिएको बताए । सम्पूर्ण जग्गाधनीलाई लालपुर्जा वितरण गर्न उनको माग रहेको छ । एकातिर विद्यार्थी संगठन खारेज गर्ने अर्कोतिर बालबालिकालाई पार्टीको सदस्यता दिने यो कस्तो नीति हो भनेर संसदमा प्रश्न उठेको छ ।

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीले १८ वर्ष मुनिका बालबाालिकालाई समेत सदस्यता दिएको विषयमा सांसदहरूले प्रश्न उठाएका हुन् । सोमबार राष्ट्रियसभाको बैठकमा बोल्दै नेपाली कांग्रेसका सांसद चन्द्रबहादुर केसीले भने- 'एकातिर विद्यार्थी युनियनहरू खारेज गर्ने अर्कोतिर राष्ट्रिय स्वतन्त्र पार्टीले १८ वर्ष भन्दा मुनि ३५ हजार बालबालिकालाई पार्टीको सदस्य बनाएर हिँडाउने के यो विरोधाभाष भएन र ?'

कानुनतः कुनै पनि राजनीतिक दलको सदस्य बन्न १८ वर्ष उमेर पूरा भएको हुनुपर्छ। यस्तो व्यवस्था राजनीतिक दलसम्बन्धी ऐन २०७३ को परिच्छेद ३ मा नै छ। तर यो ऐनको व्यवस्थाभन्दा फरक रास्वपाले आफ्नो महाधिवेशनमा करिब ३५ हजार बालबालिकालाई आफ्नो सदस्यको सूचीमा राखेको विवरण बाहिरिएपछि प्रश्न उठेको हो ।

राजनीतिक दलसम्बन्धी ऐनमा दलको सदस्यता तथा संगठनात्मक संरचना सम्बन्धी व्यवस्था छ । दफा १४ मा सदस्यताको योग्यताको विषय छ। जसअनुसार नेपाली नागरिकले मात्रै नेपालको राजनीतिक दलको सदस्यता लिन पाउँछन् । साथै अठार वर्ष उमेर पूरा भएको हुनुपर्ने बाध्यकारी व्यवस्था छ । यस्तो कानुनी व्यवस्थाविपरीत रास्वपाले बालबालिकालाई समेत सदस्यता दिएको भनेर संसद्मै प्रश्न उठेको हो ।

चितवनमा हालै सम्पन्न प्रथम महाधिवेशनमा पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीले सांगठनिक प्रतिवेदन पेस गरेका थिए । उक्त प्रतिवेदनअनुसार १८ वर्ष मुनिका ३५ हजार २५७ जना बालबालिकाले रास्वपाको सदस्यता लिएका छन् ।

रास्वपाको कूल सदस्य संख्या ५ लाख २३ हजार ४६५ छ। यसमध्ये ६.७ प्रतिशत सदस्य १८ वर्ष मुनिका बालबालिका छन् । राजनीतिक दल सम्बन्धी ऐनमा मात्र होइन। बालबालिकासम्बन्धी ऐन २०७५ ले पनि बालबालिकालाई राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न बन्देज लगाएको छ । बालबालिकासम्बन्धी ऐन २०७५ अनुसार १८ वर्ष उमेर पूरा नगरेका प्रत्येक व्यक्तिलाई बालबालिका भनिन्छ। यस्तो परिभाषा उक्त ऐनको दफा २ को (ञ) मा छ।

बालबालिकासम्बन्धी ऐनको दफा ७ को उपदफा ७ मा कुनै पनि बालबालिकालाई राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न नपाइने प्रावधान छ । जहाँ भनिएको छ- 'कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइने छैन ।'

तर रास्वपाले १८ वर्ष मुनिका बालबालिकालाई समेत पार्टी सदस्य बनाएको भनेर प्रश्न उठेको हो । यो विषयमा रास्वपाका नेताहरूले भने प्रतिक्रिया दिएका छैनन् ।

## लुम्बिनीमा २० प्रतिशत रोपाइँ



बुटवल । मनसुन सक्रिय भएसँगै लुम्बिनी प्रदेशका अधिकांश जिल्लामा धान रोपाइँले विस्तारै गति लिन थालेको छ।

कृषि विकास निर्देशनालय लुम्बिनीका बाली प्रसार अधिकृत नविन गैरेका अनुसार प्रदेशभर धान रोपाइँयोग्य कुल तीन लाख नौ हजार ३७२ हेक्टर क्षेत्रमध्ये हालसम्म ६२ हजार ६७० दशमलव ८७ हेक्टर क्षेत्रमा धान रोपाइँ सम्पन्न भएको छ। यो कुल रोपाइँ हुने जमिनको २० दशमलव ८ प्रतिशत मात्रै हो । निर्देशनालयले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार, पहाडी जिल्ला प्यूठान धान रोपाइँमा सबैभन्दा अगाडि रहेको छ। जिल्लाको ६ हजार ४२४ हेक्टर रोपाइँयोग्य क्षेत्रमध्ये चार हजार ७४२ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ। यो ८८ प्रतिशत हो ।

समयमै खेत तयारी तथा किसानको सक्रियताका कारण प्यूठानमा रोपाइँले उल्लेखनीय गति लिएको देखिएको छ । समयमा पानी नपर्दा तराईका जिल्लामा भने रोपाइँ हुन सकेको छैन। मध्य असारसम्म पानी नपर्दा किसान चिन्तित बनेका छन् ।

तराईका प्रमुख कृषि जिल्ला रुपन्देहीमा पनि रोपाइँ सन्तोषजनक रूपमा अघि बढिरहेको छ। जिल्लाको ६३ हजार ४४० हेक्टर रोपाइँयोग्य क्षेत्रमध्ये २७ हजार ३२६ दशमलव ५ हेक्टर क्षेत्रमा रोपाइँ सम्पन्न हुँदा प्रगति ४३ प्रतिशत पुगेको छ । त्यसैगरी नवलपरासी (पश्चिम) मा ४० प्रतिशत अर्थात् १० हजार ४४३ दशमलव ५ हेक्टर तथा रोल्पामा पनि ४० प्रतिशत अर्थात् एक हजार २३० हेक्टर क्षेत्रमा धान रोपाइँ सम्पन्न भएको छ।

त्यस्तै रुकुम (पूर्व) मा २४ प्रतिशत, बर्दिया मा १९ दशमलव ३९ प्रतिशत, दाङमा १४ प्रतिशत, अर्घाखाँचीमा ११ दशमलव २ प्रतिशत, कपिलवस्तुमा ९ दशमलव ५८ प्रतिशत, गुल्मीमा ७ प्रतिशत र पाल्पामा ४ प्रतिशत रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ।

यद्यपि प्रदेशका तराईका जिल्लामा रोपाइँको गति अझै सुस्त देखिएको छ । विशेषगरी बाँकेमा ३३ हजार ७८० हेक्टर रोपाइँयोग्य क्षेत्रमध्ये हालसम्म केवल १६८ दशमलव ९ हेक्टर क्षेत्रमा मात्र रोपाइँ भएको छ। बाँकेमा ० दशमलव ४ प्रतिशत मात्रै रोपाइँ भएको छ । त्यस्तै धेरै धान उत्पादन हुने जिल्ला कपिलवस्तुमा पनि ६६ हजार २६४ हेक्टर रोपाइँयोग्य क्षेत्रमध्ये एक हजार ४० हेक्टरमा मात्र रोपाइँ सम्पन्न भएको छ। लुम्बिनी प्रदेशमा कुल ६ लाख ७९ हजार ६९३ हेक्टर खेतीयोग्य जमिन रहेको छ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

## सम्पादकीय

# जलवायु अनुकुल कृषिमा जोड देऊ

जलवायु मैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि नाराका साथ यो वर्षको धान दिवस विभिन्न कार्यक्रमका साथ मनाईयो । तहगत सरकारका अगुवा खेतमा धान रोपेर किसानसँग दही चिउरा खाँदै रमाए, फोटो खिचे, भिडियो खिचे, सामाजिक सञ्जालमा पोष्ट गरे । के किसानसँग रमाउँदै धान दिवस मनाउँदा भ्कै कृषि क्षेत्रमा उल्लास छ त ? अहिलेको प्रश्न हो यो । तहगत सरकारका प्रतिनिधि जाँदा सत्कार गर्दा अनुहारमा जबर्जस्ती हाँसो निकालेका किसानको अनुहार खेती स्याहार्ने बेलासम्म उस्तै रहन्छ, विगत केही वर्षदेखि प्रकृतिमा देखिएका अस्वभाविक क्रियाकलापले कृषि क्षेत्रलाई चुनौती थपेको छ ।

लुम्बिनी प्रदेश कृषि निर्देशनालयका अनुसार, ०७८ कार्तिक पहिलो साता परेको पानीले काटिसकेको धानमा क्षति भयो । काटेर खेतमा राखेको धान डुब्दा लुम्बिनी प्रदेशमा ५ अर्ब बराबरको नष्ट भयो । गत वर्ष मध्य असारदेखि सुरु भएको खडेरी साउनभर कायम रह्यो ।  डेढ महिना लामो खडेरीले रोपेको धान जोगाउनै कठिन भयो । मधेसमा खानेपानीको हाहाकार भयो, सरकारले ट्याङ्करबाट खानेपानी वितरण गरी खानेपानीको संकट टार्‍यो । यो वर्ष पनि भयानक ठूलो खडेरीको मारमा मुलुक पर्ने देखिएको छ । एननिनोको कारण यो वर्ष औषतभन्दा कम वर्षा हुने वैज्ञानिकहरुले प्रक्षेपण गरेका छन् । त्यसको प्रभाव क्षेत्रमध्ये एक दक्षिण एशिया पनि एक हो । धान धेरै खेती हुने भारतसमेत प्रभावित हुँदा धान उत्पादनमा प्रतिकुल असर पर्ने छ, एलनिनोका कारण हुने खडेरीबाट जोगिने उपाय हामीसँग छँदैछैन ।

सन् १९८१ देखि २०१० सम्म वर्षाको मापन गर्ने केन्द्रहरुबाट संकलित तथ्याङ्कले नेपालमा सुख्खा अवधि लम्बिइरहेको तथा मनसुनी ढाँचा बदलिएर 'आरी घोप्टिए जस्तो' वर्षा भएको देखाएको छ । विगतका यी तथ्याङ्क विश्लेषण गर्दा जलवायुमा चरम खालका स्वभाव देखिंदैछन् ।

राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण–२०२२ ले जलवायु परिवर्तनको असरबाट खडेरी चुलिंदै गएको र यसले कृषि उत्पादनमा ह्रास ल्याएको देखाएको छ । सर्वेक्षणमा सहभागी ६५ प्रतिशतले खेती गर्दै आएको खेतबारीमा २५ वर्षदेखि खडेरीको असर भोगिरहेको बताएको सर्वेक्षण प्रतिवेदनमा उल्लेख छ । जल तथा मौसम विज्ञान विभागका अनुसार, नेपालको तापक्रम वर्षेनी ० दशमलव ०६ डिग्री सेल्सियसका दरले बढिरहेको छ । सन् २०३० सम्म यो दर बढेर  १ दशमलव ७ डिग्री सेल्सियस पुग्ने आँकलन गरिएको छ । बढ्दो तापक्रमले खेतीपातीको तालिका नै बदलिदा किसान मात्रै नभई नीति निर्माता र अनुसन्धानकर्मी नै अलमलमा छन् । कृषि मन्त्रालयका अनुसार, नेपालको धान उत्पादन ८० प्रतिशत तराईमा हुन्छ । बढ्दो तापक्रमका कारण अन्यत्रभन्दा बढी तापक्रम भएको तराईमा तापक्रम बढ्दा धान उत्पादनमा असर पर्न सक्ने राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रको ठम्याई छ । दक्षिण एशिया क्षेत्रमा एक डिग्री सेल्सियस तापक्रम बढ्दा धानको उत्पादन २० प्रतिशतसम्मले कमी हुनसक्छ । धानको फूल फुल्ने अवस्थामा तापक्रम एक घण्टाभन्दा बढी ३५ डिग्री सेल्सियस भन्दा माथि रहेमा धानमा दाना लाग्दैन् ।

जलवायु परिवर्तनले समग्र कृषिलाई असर गरिरहेको र त्यसमा मुख्य बाली धान प्रभावित भइरहेको बेला दिवसलाई औपचारिक ढंगले मनाउने भन्दा किसानलाई जलवायु अनुकुलन प्रविधि र सीप सिकाउने अवसरका रुपमा उपयोग गर्नुपर्छ । जलवायु अनुकुलन प्रविधि र सीप अब किसानकै हातमा हुनुपर्छ, त्यसका लागि तहगत सरकारको सहजीकरण आवश्यक छ ।

# लोकतान्त्रिक शासन र व्यावसायिक प्रशासन



श्यामप्रसाद मैनाली

सेनासम्बन्धी उच्चस्तरीय निर्णयहरू निजामती प्रशासनले लिन्छ, निजामती प्रशासनमार्फत् राजनीतिक नेतृत्वले निर्णय गर्ने गरिएको छ । शासनको लोकतान्त्रीकरण र निजामती सेवाको व्यवसायीकरण हुँदा मात्र मुलुकले उपयुक्त प्रतिफल प्राप्त गर्दछ । विश्वका सम्पूर्ण लोकतान्त्रिक मुलुकहरूले यही अनुभव सम्हालिराखेको पाइन्छ । त्यसैले निजामती प्रशासनलाई उसको व्यावसायिक मूल्य र मान्यता अनुकूल विकास गर्नु नै समग्र मुलुक र नागरिकहरूको हितमा हुनेछ । जर्मनी र बेलायतको अनुभव यस परिवेशमा लिनु अत्यन्त उपयुक्त हुन्छ ।

यतिखेर सचेत नागरिकहरूका बिच चर्चा हुने गरेका विषयहरु धेरै प्रकारका छन् । वर्तमान सरकारले निजामती सेवामा गैरलोकतान्त्रिक हस्तक्षेप अत्यन्त ज्यादा गरेको छ । कर्मचारीहरूलाई निराश र कुण्ठित बनाइराखेको छ । अब ५५ वर्ष उमेर र ३० वर्ष सेवा अवधिमध्ये जुन पहिला हुन्छ, त्यसैबाट अवकाश दिने व्यवस्था मिलाउँदै छ । निजामती दरबन्दीहरू अत्यन्त ठूलो संख्यामा घटाइँदै छ ।

कर्मचारीहरूलाई सधैँ परचक्रीको व्यवहार सरकारले गर्दै छ । योग्यता प्रणालीमा अब्बल देखिँदै आएका होनहार कर्मचारीलाई मानवोचित व्यवहारसम्म पनि गरिएको छैन । उनीहरूसँग गरिने व्यवहार अत्यन्त जङ्गली प्रकृतिको छ । कानुनले नचिनेका मानिसहरूको आदेश र निर्देशनमा काम गर्नुपर्दा निजामती संयन्त्र अलमलमा परिराखेको छ । कर्मचारीलाई अभिप्रेरित गरिने पक्ष अत्यन्त कमजोर छ ।

अपराधीको नजरबाट सरकारले आफ्नै संयन्त्रलाई हेरिराखेको छ । उनीहरूका कमी-कमजोरी खोजी-खोजी निरुत्साहित बनाउने कामले निरन्तरता पाएको छ । ९ बजेदेखि ५ बजेको समयसम्म कर्मक्षेत्रमा खटिँदा सामना गर्नुपर्ने कठिनाइहरु, अपमानहरू, उपेक्षापूर्ण व्यवहारहरू सामान्य बन्दै गएका छन् । ३० र ५५ को व्यवस्था एकपटकका लागि मात्र गरेर रिक्त हुन आउने सचिवलगायतका ठूलो संख्याका उच्च पदहरूमा अवकाश प्राप्त सैन्य सेवाका जनरलहरूबाट पूर्ति गरिने व्यवस्था मिलाइँदै छ । यसको सीधा अर्थ निजामती प्रशासन सैनिकलाई सुम्पनु हो । बिस्तारै शासन सञ्चालनको जिम्मा सैनिकहरुलाई प्रदान गर्नु हो । निजामती सेवामा सैनिकीकरणको पूर्वअभ्यास हो । कर्मचारीतन्त्रको तेजोबध गर्ने क्रममा कानुनी प्रक्रिया अवलम्बन नै नगरी जिम्मेवारीमा रहेका मानिसहरुलाई बोलाउने, गिरफ्तार गराउने, हत्कडी लगाउने, अपमानजनक व्यवहार गर्नेजस्ता काम सरकारका दैनिकीजस्तै भएका छन् ।

सरकारसँग अधिकार रहन्छ, शक्ति सम्पन्न हुन्छ । कार्यकारिणी अधिकारको दुरुपयोग हुन सक्छ । तसर्थ संवैधानिक निकायहरूले कार्यकारिणी निकायको अधिकारलाई सन्तुलन गरिराखेका हुन्छन् । शक्तिको सन्तुलन गर्ने क्रममा संविधानले नै यस्ता निकायहरुलाई स्वतन्त्र अधिकार प्रदान गरेको हुन्छ । यसमा रहेका जिम्मेवार पदाधिकारीहरू सरकारको नियन्त्रणमा हुँदैनन् । संसद्को गरिमालाई सम्मान गर्छन् र संसद्प्रति उत्तरदायी हुन्छन् । तर अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तलगायत अन्य आयुक्तहरूलाई प्रधानमन्त्री कार्यालयबाट बोलावट हुन्छ, कुनै विषयमा छलफल गर्ने एजेन्डा दिइन्छ ।

प्रधानमन्त्री कार्यालयका मातहतको सामान्य कर्मचारीसरह अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सबै पदाधिकारीहरु लुरुलुरु प्रधानमन्त्री कार्यालय पुग्छन् । प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्रीसँग छलफल पनि हुँदैन । उनका सल्लाहकारहरूबाट अपमानित हुन्छन् । अमुक व्यक्तिलाई शीघ्र थुनामा राख्न, पुर्जी जारी गर्न दबाब दिन्छन् । आयोगका पदाधिकारीहरु लाचार बनेर पुर्जी जारी गर्छन् ।

यसले हालसम्म कायम भएको लोकतान्त्रिक शासन प्रणालीलाई नै तहसनहस गरेको छ । मानवअधिकारको हदैसम्म उल्लङ्घन भएको छ । जिम्मेवारीमा रहेकाहरूले अमानवीय व्यवहार भोगेका छन् । यस्तै प्रकृतिका चर्चा-परिचर्चाहरु अहिले व्याप्त छन् । तसर्थ यसले समग्र सरकारी काम कारबाहीमा सुधार गर्न कसरी सक्छ ? निजामती कर्मचारीहरूलाई उनीहरुको व्यावसायिकताको विकास गर्दै काम गर्न सरकारले सहजीकरण गर्नुपर्ने हो/होइन ?

पुरस्कार र दण्ड दुवै प्रकारको व्यवस्था गर्दै आफ्ना स्थायी संयन्त्रलाई प्रभावकारी ढंगले परिचालन गर्नुपर्ने हो/होइन ? सार्वजनिक सेवा प्रभावकारी हिसाबले प्रदान गर्न यही रवैयाले उपलब्धि प्राप्त गर्न सकिन्छ/सकिँदैन ? यस्ता हर्कतहरूबाट लोकतान्त्रिक शासनको सुदृढीकरणमा प्रश्नचिह्न लाग्ने त होइन ? यसको बारेमा विश्लेषण गर्नुपर्ने अवस्था छ । प्रस्तुत आलेखलाई यसैमा केन्द्रित गरिएको छ ।

**नागरिक सर्वोच्चताको प्रश्न :**

हुँदै गरेका टीका-टिप्पणी र विश्लेषणहरूको आधारमा अघि बढ्दा विशेष गरी निजामती प्रशासन यसका मूल्य-मान्यताबाट विमुख हुने अवस्था आउने हो कि भन्ने सन्दर्भ बढी जटिल देखिँदै गएको छ । निजामती प्रशासनमा काम गर्ने कर्मचारीको सरकारसँग भएको सम्झौतालाई आधार मान्नुपर्दछ । यो सम्झौता भनेको कर्मचारीले सेवा प्रवेश गर्दाको अवस्थामा विद्यमान कानुनी प्रावधानलाई स्वीकार गरेर सेवा प्रवेश गरेका हुन्छन् । त्यसमा उल्लेख भएका सेवाका सर्तहरुमा सम्झौता गर्ने गरी सरकारले ऐन बनाउँदा कर्मचारीहरूप्रति अन्याय हुन जान्छ । विधिशास्त्रको मान्यताले पनि यसलाई स्वीकार गर्दैन, किनकि भूतप्रभावी कानुन बनाउन मिल्दैन । यसको प्रभावबाट कोही पनि प्रताडित हुन मिल्दैन । यो कानुनी सिद्धान्त हो ।

यसभन्दा अघि बढ्दा सञ्चारमाध्यम र सामाजिक सञ्जालका समाचारहरुलाई आधार मान्ने हो भने, ३० वर्ष र ५५ वर्षको आधारमा ठूलो संख्यामा विशिष्ट श्रेणीका अधिकृतहरूले अवकाश प्राप्त गर्दछन् । ती पदहरुमा अवकाश भएका सैन्य जनरलहरूलाई करारमा सचिवको जिम्मेवारी दिने उचाइमा सरकार रहेको छ । यसबाट समग्र निजामती सेवामा कस्तो प्रभाव पर्ला ? यसको बारेमा पनि गम्भीरतापूर्वक सोंच्नुपर्ने अवस्था छ ।

सेना र निजामती सेवा बिल्कुल पृथक पेसागत समूह हुन् । यी दुईका बिच मौलिक भिन्नता छन् । सेना विशेष गरी तर्क-वितर्कभन्दा पनि आदेशको निरपेक्षरुपमा पालना गर्ने मान्यताबाट अघि बढ्छ । मर्यादाक्रम, डिकोरम, कमान्ड प्रणालीमा विश्वास राख्छ । आफूभन्दा उपल्लो तहको आदेशलाई हुबहु पालना गर्नुपर्छ भन्ने मान्यतामा अडिग हुन्छ । सेनाको मौलिक विशेषता भनेकै यही हो । तर यसको विपरीत निजामती सेवामा कार्यरत कर्मचारीहरू आफ्ना तर्क, विश्लेषण, कानुनी प्रावधान, यसले पार्ने प्रभावका बारेमा राजनीतिक नेतृत्वलाई खुलेर विश्वस्त बनाउन तर्क राख्न पाउने वर्ग हो ।

उपल्लो तहबाट आएको अनुपयुक्त आदेश एवं निर्देशन यदि प्रत्युत्पादक सिद्ध हुन्छ भने त्यसको बारेमा खुलेर बहस गर्न सक्छन् । औपचारिक रुपमा नै आफ्नो भिन्न मत जाहेर गर्न पाउँछन् । यो स्वतन्त्रता निजामती कर्मचारीमा छ, हुनु पनि पर्दछ । यस्तो भिन्न व्यावसायिक मूल्य र मान्यता भएको नेतृत्व तहमा सैन्य अधिकृतहरुलाई जिम्मेवारीमा राखिँदा समग्र निजामती सेवालाई परिचालन गर्ने तौरतरिकामा नै पृथकता आउँछ । यसबाट पर्न जाने प्रभावका बारेमा चिन्तन अनिवार्य छ ।

नीतिगत विश्लेषण गर्दै सार्वजनिक उत्तरदायित्व बहन गर्नुपर्ने अहं दायित्व निजामती कर्मचारीहरुमा हुन्छ । प्रशासनिक उत्तरदायित्व, जिम्मेवारी र निरन्तरता दिने काम निजामती कर्मचारीले गर्छन् । यो मूल्य-मान्यताका आधारमा परिचालित सम्पूर्ण निजामती सेवा सैन्य अधिकृतको हिसाबले परिचालन गरिँदा खलबलिन पुग्छ । यसबाट प्राप्त हुने नतिजा र प्रभाव विस्तार भविष्यमा देखिँदै जानेछन् । निजामती सेवामा सैनिक अधिकारीहरूलाई जिम्मेवारी दिने सन्दर्भ लोकतान्त्रिक मूल्य-मान्यता विपरीत हुन्छ ।

लोकतन्त्रले फौजी शक्तिमाथि सधैँ नागरिकहरूको नियन्त्रण अत्यावश्यक मान्छ । नागरिक नियन्त्रणको प्रत्याभूति निर्वाचित प्रतिनिधि र निर्वाचित प्रतिनिधिहरुले निजामती कर्मचारीहरुमार्फत् निर्वाह गरिराखेका हुन्छन् । सैनिक बल अथवा सशस्त्र फौजीहरुलाई नागरिक प्रशासनको मातहतमा नराखी स्वतन्त्ररुपले छाडिदिँदा यसबाट प्राप्त हुने परिणामहरू अत्यन्त गम्भीर हुन सक्छन् । विश्व परिवेशमा यस प्रकारको अनुभव पटक-पटक हुँदै आएको छ ।

सुशासन कायम गर्ने प्रस्ट एजेन्डासहित सरकार अघि बढेको छ । सैन्यशक्तिमार्फत् निजामती प्रशासनलाई नियन्त्रणमा लिएर प्रभावकारी परिचालन गर्ने सोंच सरकारको हुन सक्छ । सैन्यशक्ति परिचालन गरेर देशको प्रशासन सुधार हुने पक्षमा प्रशासनविद्हरु कहिल्यै विश्वस्त हुन सकेका छैनन् र हुँदैनन् । विश्व परिवेशमा कहीँ कतै पनि यस प्रकारको प्रशासनिक सुधारको कल्पना गरिँदैन । यसलाई लोकतन्त्रमा ह्रासोन्मुख परिस्थिति सिर्जना गर्न हुँदै गएको सैन्यकरण भनिन्छ ।

सचिव पद आफैँमा निजामती सेवाको सर्वोच्च पेसागत गन्तव्य हो । बाहिरबाट सचिव बनाएर निजामती प्रशासनलाई सञ्चालन गरिँदा धेरै प्रकारका नकारात्मक प्रभाव सिर्जना हुन्छन् । कर्मचारीहरूको मनोबल कमजोर बन्छ । संस्थागत स्मृतिमा असहज परिस्थिति सिर्जना हुन्छ । निजामती सेवाभित्र राजनीतीकरण अत्यधिक हुने सम्भावना प्रबल हुन्छ । कर्मचारीहरूको मनोबल मात्र होइन, अभिप्रेरित नहुने र यसको प्रत्यक्ष प्रभाव कार्यसम्पादनमा पर्ने प्रवल सम्भावना रहन्छ । समग्र निजामती संयन्त्र नै निस्प्रभावी बन्छ ।

आधुनिक सार्वजनिक प्रशासनमा उपयुक्त व्यक्ति, उपयुक्त प्रणालीअन्तर्गत रहेर उपयुक्त प्रक्रिया अवलम्बन गर्दै आफ्नो वृत्तिशृंखलामा अघि बढ्ने अवस्था बन्नुपर्दछ भनिन्छ । यी सबै पद्धति, प्रक्रिया र प्रणाली उल्लंघन भई अनुपयुक्त व्यक्तिका हातमा निजामती सेवाको जिम्मेवारी पुग्ने प्रबल सम्भावना रहन्छ । निजामती सेवाभित्र विशेष प्रकृतिका कार्यसम्पादन गर्ने प्रयोजनका लागि अपवादमा केही जनशक्ति करारबाट लिने व्यवस्था भएकै छ । यसलाई अन्यथा लिइँदैन । विद्वान् म्याक्स वेबरले कर्मचारीतन्त्रका आधारहरूमा योग्यता, पदानुक्रम, तटस्थता र वृत्तिविकास हुनुपर्छ भनेर जोड दिएका छन् ।

नेतृत्व तहमै बाहिरबाट प्रवेश गराउँदा अल्पकालीन व्यवस्थापन सम्भव हुन सक्छ । तर पेसागत चरित्र उत्प्रेरणा संस्थागत स्थायित्वमा प्रश्न जटिलरुपमा उठ्छ । सेनामा निर्वाचित प्रतिनिधिका साथै नागरिक नेतृत्व र प्रशासनको नियन्त्रण हुनै पर्दछ । सेना राष्ट्रिय सुरक्षा, सार्वभौमिकता, भौगोलिक अखण्डताको संरक्षणमा सीमित हुनुपर्छ । सेना सरकारकै अधीनमा रहनुपर्छ । निजामती सेवाको नियन्त्रणमा सेना रहनुपर्ने अर्को कारण उत्तरदायित्व र पारदर्शिता पनि हो ।

निजामती प्रशासन कानुन, नीति, संसदीय निगरानी र सार्वजनिक परीक्षणको दायरामा सञ्चालित हुन्छ । तर सैनिक संगठन आदेश, अनुशासन र गोपनीयताबाट परिचालित हुन्छ । प्रशासनिक, राजनीतिक प्रक्रिया र निर्वाचनमा सैनिकको प्रभाव बढ्दा सार्वजनिक उत्तरदायित्व असहमतिलाई सुरक्षा चुनौतीको तर्क दिई नागरिक अधिकारलाई संकुचित बनाउँदै जाने प्रवृत्ति देखिन्छ । व्यावसायिक सैनिक संस्था नागरिक नियन्त्रणमा राख्दा मात्र यसको प्रभावकारिता देख्न सकिन्छ भन्ने धारणा सामुएल ह्यान्डरगनले राखेका छन् । दीर्घकालीन राजनीतिक अस्थिरताको अवस्था सहजै बन्छ । नियन्त्रणमा रहँदा लोकतन्त्र संस्थागत विकास हुन्छ, स्थायित्व बलियो भएको सर्वत्र देख्न सकिन्छ ।

लोकतन्त्र र नागरिक सर्वोचताको विकल्प यो अवस्थाको सफल उदाहरण युकेमा स्पष्ट देख्न सकिन्छ । जर्मनमा संसद्को सेना भनिन्छ, यसलाई अर्को अर्थमा भन्दा जनताको सेना हो । जर्मनलगायत अन्य लोकतान्त्रिक मुलुक अस्ट्रेलियामा करियर सिभिल सर्भेन्ट वृत्ति प्रणालीमा आधारित कर्मचारीतन्त्रबाट निजामती प्रशासन सञ्चालित गरिएका छन् । तर अर्को कोणबाट हेर्दा दक्षिण-पूर्वी एसियामै पाकिस्तानमा यस प्रकारको अभ्यास बेलाबखत देखिने गरेको छ । बंगलादेशमा पनि छिटपुट यस्ता जिम्मेवारी दिइआएको पाइन्छ । जुन देशमा लोकतन्त्रको नाउँमा सैन्य प्रभाव अत्यन्त ज्यादा छ, त्यस ठाउँमा यो सम्भावना बढी देखिएको छ ।

विश्व परिवेशको अध्ययन गर्दा लोकतान्त्रिक मुलुकहरूमा सेना निजामती प्रशासनकै मातहतमा हुन्छ । सेनासम्बन्धी उच्चस्तरीय निर्णयहरू निजामती प्रशासनले लिन्छ, निजामती प्रशासनमार्फत राजनीतिक नेतृत्वले निर्णय गर्ने गरिएको छ । शासनको लोकतान्त्रीकरण र निजामती सेवाको व्यवसायीकरण हुँदा मात्र मुलुकले उपयुक्त प्रतिफल प्राप्त गर्दछ । विश्वका सम्पूर्ण लोकतान्त्रिक मुलुकहरुले यही अनुभव सम्हालिराखेको पाइन्छ । त्यसैले निजामती प्रशासनलाई उसको व्यावसायिक मूल्य र मान्यता अनुकूल विकास गर्नु नै समग्र मुलुक र नागरिकहरूको हितमा हुनेछ । जर्मनी र बेलायतको अनुभव यस परिवेशमा लिनु अत्यन्त उपयुक्त हुन्छ ।

निजामती सेवामा सैनिक नेतृत्व आउनु भनेको विधिको शासनलाई चुनौती दिनु हो । अस्तव्यस्त बनाउनु हो । शासनमा रहनेहरूसँग दुईवटा मात्र विकल्प हुन्छ । पहिलो हो- राम्ररी बुझ्नुपर्ने कुरा के हो भने निजामती प्रशासनको विकल्प निजामती प्रशासन नै हुन्छ । यो प्रशासन वृत्तिश्रृंखलाामा आधारित हुन्छ । यसका मूल्य र मान्यतामा कहिल्यै सम्झदारी गरिनुहुँदैन, गरिँदैन पनि । त्यसैले निजामती प्रशासनलाई मनोबल गिराएर शासनमा रहनेहरुले जनतालाई सेवा प्रदान गर्न सक्दैनन् । सुशासन प्रदान गर्ने विषय सम्भव हुँदैन । त्यसैले फौजी शक्तिमाथि निजामती प्रशासनको नियन्त्रण अपरिहार्य छ । समाचारपत्रबाट

# सेयर बजार १६.५४ अंकले घट्यो



काठमाडौं । लगातार छैटौं कारोबारको दिन सोमबार पनि सेयर बजार घटेको छ । गत साताका पाँचै दिन घटेको सेयर बजार यो साताको पहिलो कारोबार दिन सोमबार १६.५४ अंक घटेरै बन्द भयो ।

यो कमीसँगै नेप्से २६३२ अंकमा कायम भएको छ । गत साता सोमबार १.४६, मंगलबार २६.१७, बुधबार १४.४६, बिहीबार ८.५० र शुक्रबार २.०० अंक घटेको थियो । सोमबार बजार दिनभरजसो रातो अंकमा रह्यो । मुख्यतः नयाँ कम्पनी ऐन २०८३ को मस्यौदामा सेयर हस्तान्तरण वा खरिद बिक्री गर्दा त्यस्तो सेयरमा हक प्राप्त गर्ने व्यक्तिले १ प्रतिशतका दरले हस्तान्तरण शुल्क बुझाउने प्रस्ताव गरिएको विषयले पनि बजारलाई बढी प्रभाव पार्‍यो । यद्यपि यस्तो प्रस्ताव फिर्ता हुने सम्बद्ध पक्षले स्पष्ट पारिसकेका छन् ।

कारोबार रकम पनि घटेको छ । शुक्रबार ३ अर्ब ९४ करोडको कारोबार भएकोमा सोमबार जम्मा २ अर्ब ६७ करोडको भयो । २९ कम्पनीको मूल्य बढ्दा २४० को घट्यो भने ६ को स्थिर रह्यो ।

सबै समूहका सूचक घटेका छन् । निर्जीवन बिमा १.३९, उत्पादन तथा प्रशोधन १.१४, होटल तथा पर्यटन १.१४ तथा फाइनान्स १.१३ प्रतिशत घटे । बैंकिङ ०.०९, विकास बैंक ०.७९, जलविद्युत् ०.७२, जीवन बिमा ०.६९, माइक्रोफाइनान्स ०.५९, अन्य ०.५१ तथा व्यापार ०.३२ प्रतिशत घटे ।

४ कम्पनीको मूल्य १५ प्रतिशत बढेको छ । १५ प्रतिशत बढेका कम्पनीमा स्नो रिभर फल्स, टक्सार पिखुवाखोला, याम्बलिङ हाइड्रोपावर र धौलागिरि लघुवित्त छन् । मूल्य १५ प्रतिशत बढ्नेमध्ये ३ कम्पनी हालै सूचीकृत भएका हुन् । त्यस्तै लक्ष्मी सनराइज बैंकको २.६४, नेपाल रिपब्लिक मिडियाको २.४९ प्रतिशत मूल्य बढ्यो । स्वाभिमान लघुवित्तको मूल्य सबैभन्दा धेरै ५.८३ प्रतिशत घट्यो । सोपान फर्मास्युटिकल्सको ४.५०, एसियन हाइड्रोपावरको ४.४० तथा शिखर पावरको ३.७९ प्रतिशत मूल्य घट्यो । धेरै कारोबार भएका कम्पनीमा ग्लोबल आईएमई बैंक, सोपान फर्मास्युटिकल्स, एनआरएन इन्फ्रास्ट्रक्चर, रिलायन्स स्पिनिङ मिल्स र आँखुखोला जलविद्युत् छन् ।

# आँप खाएपछि बिर्सेर पनि नखानुहोस् यी पाँच चिज, स्वास्थ्यका लागि हानिकारक

गर्मी मौसममा आँप जतातत्तै पाइन्छ । गर्मीमा आँप खानुका धेरै फाइदा छन् । आँपमा फस्फोरस, डाइटरी फाइबर, प्रोटिन, पोटासियम, जिङ्क, कार्बोहाइड्रेट, क्यात्सियम, आइरन, एनर्जी, जिङ्क जस्ता धेरै पोषक तत्त्व पाइन्छन् ।

आँपले रोग प्रतिरोधी क्षमता बढाउने काम पनि गर्छ । आँप जति स्वादिलो हुन्छ, स्वास्थ्यका लागि त्यति नै फाइदाजनक छ । आँप खाने सबैको आ-आफ्नै तरिका हुन्छ । कतिलाई आँप खाना खाइसकेपछि मन पर्छ । तर आँप केही चिजसँग खानु हानिकारक हुनसक्छ भन्ने कुरा तपाईंलाई थाहा छ ? आज हामी तपाईंलाई यी चिजबारे जानकारी दिँदै छौँ ।



**१. करेला**

गर्मीमा मानिसहरूले करेला धेरै खान्छन् । कतिलाई खानासँगै आँप खान मन पर्छ, तर आँपलाई कहिल्यै करेलासँग खानु हुँदैन । यसो गर्दा बान्ता हुने समस्या हुनसक्छ ।

**२. मसालेदार चीज**

आँप मसालेदार चीजहरूसँग पनि खानु हुँदैन । यी खानेकुरा सँगैसँगै खाए मानिसले पाचनसम्बन्धी समस्याको सामना गर्नुपर्ने हुन्छ । यसले पेट पनि दुखाउँछ

**३. पानी पिउनु**

आँप खाने बित्तिकै तुरुन्तै पानी पिउनु हुँदैन । धेरै मानिसले आँप खाएपछि तुरुन्तै पानी पिउने गर्छन् । यसले पाचन प्रक्रियामा नराम्रो असर गर्छ । त्यसैले आँप खाएको आधा घण्टापछि मात्रै पानी पिउनुहोस् ।

**४. दही**

दहीसँग आँप खानु पनि स्वास्थ्यका लागि हानिकारक हुन्छ । आँप र दही सँगै खाँदा पेटसम्बन्धी धेरै समस्या हुन सक्छ, त्यसैले आँपसँग दही नखानुहोस् ।

**५.कोल्ड ड्रिंक**

आँप खाएपछि तुरुन्तै कोल्ड ड्रिङ्क कहिल्यै नखानुहोस् । यदि तपाईंले यसो गर्नुभयो भने, रगतमा चिनी छिटो बढ्न सक्छ । आँप र चिसो पेय दुवैमा चिनीको मात्रा धेरै हुन्छ ।

# जलवायुको मारमा धानको सुरक्षा

**प्रगति ढकाल**

पछिल्लो समय जलवायु परिवर्तनको असरले बढाएको सुक्खा तथा खडेरीको असर प्रत्यक्ष रूपमा कृषि क्षेत्रमा देखिन थालेको छ । नेपालजस्तो धानखेतीमा आत्मनिर्भर बन्ने प्रयासरत मुलुकलाई जलवायुजन्य सङ्कटको सामना गर्न चुनौती थपिँदै गएको छ ।

जल तथा मौसम विज्ञान विभागले मनसुन अवधिमा औसतभन्दा कम वर्षा हुनसक्ने प्रक्षेपण गरिरहँदा यस वर्ष पनि धान रोपाइँलाई असर गर्नसक्ने भन्दै कृषकहरू चिन्तित देखिन्छन् । कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहप्रवक्ता तथा वरिष्ठ कृषि अर्थविज्ञ लालकुमार श्रेष्ठले मनसुनको समयमा औसतभन्दा कम वर्षा हुने प्रक्षेपण हुँदा बर्खे धानमा असर गर्नसक्ने भन्दै चिन्ता जनाए । "नेपालमा सिँचाइको राम्रो व्यवस्था हुन नसक्दा आकासेपानीकै भरमा रोपाइँ हुने गरेको छ, वर्षा कम हुँदा वा ढिला हुदाँ धान रोपाइँमा असर गर्नसक्ने र उत्पादनमा ह्रास आउन सक्छ ।"- उनले भने ।

बदलिँदो जलवायु र सम्भावित वर्षा न्यूनताका कारण कृषि उत्पादनमा पर्नसक्ने असर न्यूनीकरण गर्न मौसम अनुकूल खेती प्रणाली अपनाउनुपर्नेमा उनले जोड दिए । जलवायु तथा विपद् व्यवस्थापन डा. धर्मराज उप्रेतीले जलवायुजन्य सङ्कटसँगै निम्तिएको एल-निनोको प्रभाव पनि सक्रिय हुँदै गएकाले यस वर्षको मनसुन अवधिमा वर्षा कम हुने बताए ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत कृषि विभागले धानमा आत्मनिर्भर बन्न जलवायुमैत्री कृषि प्रविधिमा जोड दिएको छ । पछिल्लो समय जलवायु परिवर्तनको असरका कारण खडेरी बढ्न थालेको र कृषि उत्पादनमा हस आउनसक्ने भन्दै कृषि उत्पादकत्व बृद्धिका लागि जलवायुमैत्री कृषि प्रविधि अपनाउन मन्त्रालयले योजना पनि अगाडि बढाएको छ ।

देशभर मनसुन सक्रिय भए पनि अपेक्षाअनुसार वर्षा हुन नसक्दा कूल वर्षा औसतभन्दा उल्लेख्य रूपमा कम रहेको छ । जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कअनुसार जुन १ देखि २५ सम्म देशभर औसत १४९ मिमि वर्षा मापन भएको छ, जुन यस अवधिको औसत वर्षा (२१४ मिमि) को ६९.६ प्रतिशत हो । दैनिक औसतको ९० प्रतिशतभन्दा कम वर्षा मापन भएको विभागको तथ्याङ्कमा उल्लेख छ । विभागले यस मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ । यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेश प्रदेशका पूर्वी भू-भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ ।

कृषि विभागका महानिर्देशक प्रकाशकुमार सन्जेलले जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरण गरी दिगो उत्पादन प्रणाली प्रवर्द्धन गर्नु जरुरी रहेको बताए । "विभिन्न अध्ययनले २०२६ को मध्यबाट एल-निनोको प्रभाव सुरु भइसकेको र यसले दक्षिण एसियाली मुलुकसहित नेपालमा सुक्खाको प्रकोप बढाउनसक्ने आँकलन गरिएको छ", उनले भने-"गत वर्ष तराई क्षेत्रमा सुख्खाका कारण धान रोपाइँ प्रभावित भई उत्पादनमा प्रतिकूल असरसमेत परेको थियो ।"

धानबालीमा आत्मनिर्भरता हासिल गर्न चैते धानबालीको क्षेत्र विस्तार, उत्पादकत्व वृद्धिका लागि उन्नत बीउ उत्पादन तथा उपयोग प्रवर्द्धन, स्वदेशी उन्नत जात विकास, रासायनिक मल उपलब्धता सुनिश्चितता, प्रविधि प्रसार एवं बजार मूल्य सुनिश्चितताका लागि न्यूनतम समर्थन मूल्य निर्धारण प्राथमिकताका रहेको उनको भनाइ छ । सञ्जेलले खेतीयोग्य जमिनको सीमितता तथा धानबालीको क्षेत्रमा आएको कमीका कारण उत्पादकत्व वृद्धि अपरिहार्य रहेको सन्दर्भमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव चुनौतीको रुपमा देखिएको बताए । मौसमी वर्षामा निर्भर नेपालको खेती प्रणाली केही वर्षदेखि विभिन्न जलवायु सिर्जित प्रकोपबाट प्रभावित रहँदै आएको छ । सन् १९८१ को बाढी, २००८ को कोशी क्षेत्रमा आएको बाढी, २०१७ मा तराईमा आएको बाढी र २०२४ मा आएको बाढी पहिरोबाट नेपालका विभिन्न भूभाग प्रभावित भएका थिए ।

**कूल गार्हस्थ्य उत्पादनमा योगदान**

कृषि विभागका अनुसार कृषि गार्हस्थ्य उत्पादनमा धानबालीको करिब १३ प्रतिशत हिस्सा रहेको तथा कूल खाद्यान्न बाली उत्पादनमा धानबालीको हिस्सा ५० प्रतिशत रहेको छ । धानबालीको उत्पादनले मात्रै नेपालको कूल गार्हस्थ्य उत्पादनमा करिब दुई खर्ब बराबरको योगदान गरेको छ । राष्ट्रिय कृषि गणना २०७८ अनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक घरधुरीमध्ये २७ लाख ६५ हजार घरधुरी धानखेतीमा आवद्ध रहेका छन् र कूल खेती गरिएको जमिनमध्ये ५४ प्रतिशतमा धान खेती हुने गरेको छ ।

नेपाली कृषक परिवारको जनजीविका, कृषि उत्पादन, मुलुकको समग्र खाद्य सुरक्षा र अर्थतन्त्रमा योगदानका कारण नेपाल सरकारको दीर्घकालीन तथा आवधिक योजना एवं वार्षिक विकास कार्यक्रममा धानबाली प्राथमिकता प्राप्त बाली रहँदै आएको छ ।

**धानबालीको उत्पादकत्वमा वृद्धि**

विभागका अनुसार आव २०७६/७७ मा १४ लाख ५८ हजार ९१५ हेक्टरमा ५५ लाख ५० हजार ८७८ मे.टन धान उत्पादन भएकोमा आव २०८१/८२ मा १४ लाख २० हजार ६३६ हेक्टरमा ५९ लाख ५५ हजार ४७६ मे.टन धान उत्पादन भएको थियो । सन्जेलले विगत पाँच वर्षमा धानबालीको उत्पादकत्व ३.८० मे.टन प्रति हेक्टरबाट वृद्धि भई ४.१९ मे.टन प्रतिहेक्टर भएको जानकारी दिए ।

"पछिल्लो वर्षहरुमा धानबालीको क्षेत्रफल क्रमशः घट्दै गए तापनि उन्नत बिउबिजन तथा मलखाद प्रयोगमा वृद्धि एवं प्रविधि प्रसारका कारण उत्पादकत्वमा आएको वृद्धिले धानबालीको कूल उत्पादन वृद्धि भएको छ", उनले भने-"नेपालमा करिब ७० लाख मे.टन धान आवश्यक रहेकामा विद्यमान उत्पादनका आधारमा करिब १० लाख मे.टन अपुग हुने देखिन्छ ।" उनका अनुसार केही वर्षयता उपभोक्ताको खानेबानीमा आएको परिवर्तनका कारण मसिना तथा बासनादार चामलको माग वृद्धि हुँदा धान चामलको आयात उल्लेख्य भएको छ ।

**जलवायु अनुकूलित खेती प्रणाली विकास आवश्यक**

महानिर्देशक सञ्जेलले जलवायु अनुकूलित खेती प्रणाली विकासका लागि नेपाल कृषि अनुसन्धान परिषद्बाट सुक्खा सहन सक्ने सुक्खा-१, २, ३, ४, ५, ६, डुबान सहन सक्ने सावा मसुली सव-१ र सेहराङ सव-१ एवं सुख्खा तथा डुबान दुवै सहनसक्ने बहुगुणी-१ र २ जात विकास गरी किसानस्तरमा प्रवर्द्धनका कार्य भएको बताए । "धानबालीका २५०० भन्दा बढी आनुवांशिक स्रोत राष्ट्रिय जीन बैंकमा सुरक्षित राखी जैविक विविधता संरक्षण, सम्बर्द्धन र जातीय विकासमा प्रयोग गरिएको छ", उनले भने-"कालो धान, शुद्धोधन कालानमक, हरियो काउचिन, कालो पाल्ले, रातो अनदी, जोरायेल बासमती, झिनुवा, एक्लेलगायतका जात दर्ता गरी धानबालीका पोषणयुक्त रैथाने जातको मूल्य शृंखला विकासको प्रयास गरिएको छ । यस्ता रैथाने तथा स्थानीय जात सूचीकरण गर्न कृषक समूह/समुदायलाई प्राविधिक र आर्थिक सहजीकरणको कार्य समेत हुँदै आएको छ ।"

विभागका अनुसार हाल १८ जिल्लाका ५८ स्थानीय तहमा सङ्घीय सशर्त वित्तीय हस्तान्तरणमार्फत चैते धान प्रवर्द्धन, गुणस्तरीय बीउमा किसानको पहुँच वृद्धिका लागि स्रोत बीउ उत्पादन तथा उन्नत बीउ उत्पादन तथा उपयोगमा अनुदानलाई प्रथामिकता दिइएको छ । प्रतिएकाइ जमिनबाट बढी उत्पादन लिन नेपालमा विकास गरिएको हर्दिनाथ-१ र ३ वर्णशङ्कर जात प्रवर्द्धन, २१ जोन र ५ सुपर-जोनमार्फत वर्षे तथा चैते धानमा यान्त्रिकीकरण प्रवर्द्धन र मूल्य शृंखला विकास, जलवायु सिर्जित जोखिमबाट किसानको व्यवसाय सुरक्षणका लागि बाली बिमा प्रिमियममा अनुदान एवं न्यूनतम समर्थन मूल्य निर्धारण कार्यक्रम कार्यान्वयन भइरहेका छन् ।

कृषि विभागबाट धानमा आधारित खेती र खाद्य प्रणालीको जलवायु उत्थानशील रुपान्तरण आयोजना यस वर्षबाट सुरुआत भई महोत्तरी, सर्लाही, नुवाकोट र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका आठ स्थानीय तहमा कार्यान्वयनमा आएको छ । विभागका अनुसार जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरणका लागि धान बालीमा उत्थानशील जात विकास, धानखेतीमा छरुवा प्रविधि, पालै पालो जमिन भिजाउने र सुकाउने तथा वर्षाको पानी सङ्कलनजस्ता प्रविधि विस्तारमा जोड दिइएको छ ।

**एल-निनोको तीव्र विकाससँगै विश्वव्यापी तापक्रम बढ्ने सम्भावना : डब्लुएमओ**

यस वर्ष तीव्र रूपमा विकसित भइरहेको एल निनोका कारण विश्वका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने तथा दक्षिण एसियासहित भारतीय उपमहाद्वीपमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको भन्दै चिन्ता जनाइएको छ । विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) अन्तर्गतको बहु-मोडेल मौसमी पूर्वानुमान प्रणालीले सार्वजनिक गरेको पछिल्लो मौसमी पूर्वानुमानअनुसार यस वर्षको सुरुआतमा कमजोर बन्दै गएको ला-निनाबाट प्रशान्त महासागरको अवस्था तटस्थमा पुगेको भए पनि आगामी महिनाहरूमा बलियो एल-निनो विकसित हुने संकेत देखिएको छ ।

प्रशान्त महासागरमा विकसित भइरहेको एल-निनोसँगै सकारात्मक आइओडीको प्रभावले दक्षिण एसियाली मनसुन प्रणालीमा थप असर पार्नसक्ने मौसमविद्हरूको भनाइ छ । पूर्वानुमानअनुसार उत्तरी अमेरिका, युरोप, अफ्रिका तथा एसियाका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने सम्भावना उच्च छ । दक्षिण तथा पूर्वी एसियामा तापक्रम वृद्धि हुने सम्भावना अझ बढी रहेको उल्लेख गरिएको छ । दक्षिणी गोलार्द्धका दक्षिण अमेरिका, दक्षिणी अफ्रिका तथा अस्ट्रेलियाका धेरै क्षेत्रमा पनि औसतभन्दा बढी तापक्रम रहने सङ्केत देखिएको छ । भूमध्यरेखीय अफ्रिका तथा समुद्री दक्षिणपूर्वी एसियामा समेत तापक्रम सामान्यभन्दा माथि रहने सम्भावना प्रबल छ ।

विभागको प्रवक्ता विभूति पोखरेलले नेपालमा मनसुन छ दिन ढिला गरी भित्रिए पनि राम्रो वर्षा भने हुन नसकेको बताए । "हाल कोशी, मधेस र बागमती प्रदेशका सम्पुर्ण भू-भाग, गण्डकी प्रदेशको केही भू-भाग र लुम्बिनी प्रदेशको पूर्वी भू-भागको थोरै स्थानमा मनसुनी वायुको प्रभाव रहेको छ । अन्य भू-भागमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको छ," उनले भने-"साथै गण्डकी र लुम्बिनी प्रदेशको बाँकी भू-भाग, कर्णाली र सुदूरपश्चिम प्रदेशका सम्पूर्ण भू-भागमा यही सातामा मनसुन विस्तार हुने सम्भावना रहेको छ ।"

# कुँवरसहित १० जना उद्यमी सम्मानित




गुल्मी । रेसुङ्गा नगरपालिकाले 'वृद्धिमुखी उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन कार्यक्रम'का सर्वोत्कृष्ट उद्यमीलाई रु एक लाख नगद पुरस्कारसहित सम्मान गरेको छ ।

रेसुङ्गा नगरपालिका-१० सिमिचौरका कृषक विनबहादुर कुँवरलाई नगरपालिकाले उद्यमशीलता प्रवर्द्धनका लागि सञ्चालन गरेको कार्यक्रममा सर्वोत्कृष्ट उद्यमी घोषित गर्दै सम्मान गरेको हो । २६ वर्षदेखि व्यावसायिक तरकारीखेती गर्दै आएका कुँवर १३७ जना उद्यमीमध्ये सर्वोत्कृष्ट उद्यमीमा छनोट भएका हुन् । कुँवरले हाल ६५ रोपनी क्षेत्रफलमा व्यावसायिकरुपमा तरकारीखेती गर्दै आएका छन् । उनीसँगै नगरपालिकाले अन्य उत्कृष्ट १० उद्यमी छनोट गरेको छ ।

उद्यमीले आफ्नो व्यावसायिक कार्ययोजना तथा लगानीका विषयमा गरेको प्रस्तुतिको मूल्याङ्कनका आधारमा एक जनालाई सर्वोत्कृष्ट उद्यमी छनोट गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाले अन्य उत्कृष्ट नौं जना उद्यमीलाई भने जनही रु ६० हजार नगदसहित सम्मान गरेको छ ।

सम्मानित हुने अन्य उद्यमीमा रेसुङ्गा कृषि, पशुपन्छी तथा मौरीपालन फार्मकी विष्णुमाया श्रीस, भगवती कृषि तथा पशुपन्छी फार्मका चुराबहादुर जोगी कुँवर, अर्जुन रेसुङ्गा मल्टी एग्रो एन्ड टुरिज्मका भविन्द्र घर्ती मगर रहेका छन् ।

त्यस्तै, गोपाल तरकारी घुम्टी फार्मका गोपाल नेपाली, रेसुङ्गा कृषि तथा पशुपन्छी फार्मका केशव रजाली, थापा व्यावसायिक तरकारी फार्मका लिलबहादुर थापा, लक्ष्मी-लक्ष्मण कृषि फार्मका मुक्तिनाथ पन्थी क्षेत्री, न्यू रेसुङ्गा जडीबुटी प्रशोधन केन्द्रका झविन्द्रलाल भण्डारी एवं कृष्ण कृषि उत्पादन फार्मका कृष्णबहादुर बस्नेत सम्मानित भएका हुन् ।

नगरपालिकाले स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित उद्यमलाई प्रवर्द्धन गर्दै युवालाई स्वरोजगारतर्फ आकर्षित गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको नगरप्रमुख खिलध्वज पन्थीले बताए ।

स्थानीय उद्यमशीलता विकास, स्वरोजगार सिर्जना तथा रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यले दायित्वसँगको सहकार्यमा नगरपालिकाले उक्त कार्यक्रम सञ्चालन गरेको छ ।

# थारू समुदायको परम्परा संरक्षण गर्न लुम्बिनीमा विधेयक



तुलसीपुर । लुम्बिनी प्रदेश सरकारले थारू समुदायको आदिमकालीन प्रथा, परम्परा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले 'थारू समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी विधेयक, २०८३' अगाडि बढाएको छ ।

उक्त विधेयक हाल प्रदेशसभामा पेस गरिएको छ । लुम्बिनी प्रदेशमा थारू समुदायको बाहुल्यता रहेको र यस समुदायमा आदिमकालदेखि प्रचलनमा रहेका सामूहिक प्रथाजनित संरचना, सङ्गठन र सांस्कृतिक असल अभ्यासहरूलाई कानुनी रूपमा व्यवस्थित गर्ने उद्देश्यले यो विधेयक तयार पारिएको लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले बताए ।

प्रस्तावित विधेयकले थारू समुदायको सबैभन्दा तल्लो तहको संरचनाका रूपमा 'गाउँ मौजा' र दुई वा सोभन्दा बढी गाउँहरू मिलेर सिँचाइ तथा सामूहिक कामका लागि बन्ने 'प्रगन्ना वा टप्पुजस्ता संरचनालाई कानुनी रूपमा पहिचान गर्ने व्यवस्था गरेको छ । यसका साथै, समुदायको नेतृत्व गर्ने महतवा, बरघर र भल्मन्साजस्ता पदहरूलाई कानुनी रूपमा परिभाषित गर्दै उनीहरूको काम, कर्तव्य र जिम्मेवारीलाई स्पष्ट पारिएको छ ।

विधेयकले थारू समुदायका परम्परागत चाडपर्व, खानपान, वेशभूषा, भाषा, र कृषि तथा सिँचाइ सीपसँग सम्बन्धित बौद्धिक र सांस्कृतिक सम्पदाको अभिलेखीकरण, संरक्षण र पुस्तान्तरणमा समेत विशेष सहयोग पुऱ्याउने लक्ष्य राखेको छ ।

यसका साथै, विधेयकमा प्रत्येक गाउँ मौजा र प्रगन्नाहरूमा छुट्टै कोष स्थापना गर्न सकिने र समुदायभित्रका सामान्य विवादहरूलाई मेलमिलापका माध्यमबाट समाधान गर्ने प्रणालीलाई प्रोत्साहन गर्ने जस्ता महत्वपूर्ण प्रावधानहरू समेटिएका छन् ।

प्रदेश सरकार, सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिनाका अनुसार यो विधेयक ऐनका रूपमा कार्यान्वयन भएपछि थारू समुदायका असल अभ्यासहरूले कानुनी संरक्षण पाउनेछन् र समुदायको राज्यप्रतिको अपनत्वमा वृद्धि हुनेछ ।

# खडेरीले किसान चिन्तित

गुल्मी । जिल्लामा अधिकांश खेत आकासेपानीमा निर्भर भएका कारण कृषकलाई धान रोपाइँमा समस्या परेको छ । जिल्लामा यस वर्ष हालसम्म ११ प्रतिशत मात्रै धान रोपाइँ भएको छ ।

कृषि ज्ञान केन्द्र गुल्मीका सूचना अधिकारी टीकाकाम न्यौपानेका अनुसार आइतबारसम्म ७१९.५१ हेक्टर अर्थात् ११ प्रतिशत क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ । यस वर्ष धानखेती हुने अनुमान गरिएको ६ हजार ५४१ हेक्टर क्षेत्रफलमध्ये राष्ट्रिय धान दिवस मनाइदै गर्दा जिल्लाका अधिकांश खेत अझै बाँझै छन् ।

कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख नरेश धितालले पर्याप्त वर्षा नहुँदा पानीको अभावले यस वर्ष धान रोपाइँ प्रभावित भएको बताउनुभयो । उहाँका अनुसार, जिल्लाका अधिकांश ठूला फाँटहरुमा पानीको अभावका कारण रोपाइँ हुन सकेको छैन । वर्षा भएपछि मात्र रोपाइँले गति लिनेछ ।

इस्मा गाउँपालिका-६ चौरासी फाँटका अगुवा कृषक कृष्ण घिमिरेका अनुसार गत वर्ष असार १५ सम्म जिल्लाको सबैभन्दा ठूलो फाँट चौरासी फाँटमा ८० प्रतिशत धान रोपाइँ भएको थियो । यस वर्ष भने उक्त फाँटमा आइतबारसम्म करिब १५ प्रतिशत मात्रै रोपाइँ भएको छ । समयमै वर्षा नहुनु, सिँचाइको अभाव र रासायनिक मल सहज रूपमा उपलब्ध नहुनुले किसान समस्यामा परेको कृषक घिमिरेले बताए ।

धुर्कोट गाउँपालिका-६ सिस्तुङका किसान मेघनाथ अर्यालले पनि पर्याप्त पानीको अभावका कारण समयमा धान रोप्न नसकिएको बताउनुभयो । यस वर्ष रोपाइँका लागि पानी नभएको कारण केही ढीला हुने उनले बताए ।

गुल्मीका अधिकांश धान उत्पादन हुने क्षेत्र अझै पनि आकाशे पानीमा निर्भर छन् । समयमै पर्याप्त वर्षा नहुँदा रोपाइँ ढिलो भएको र यसले यस वर्षको धान उत्पादनमा समेत असर पार्ने कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ ।

जिल्लामा बडिगाढ फाँट, चौरासी फाँट, छल्दी, निस्ती, पनाहा, सुदी, खैरेनी, खर्ज्याङ, शान्तिपुर, मजुवालगायतका फाँट राम्रो धान उत्पादन हुने क्षेत्रकारुपमा परिचय छ ।

# बाँकेमा खेतका फाँट धुलाम्मे

बाँके । यस वर्ष असारमा पनि पर्याप्त वर्षा नहुँदा बाँकेका खेतका फाँट धुलाम्मे देखिएका छन् । जिल्लाका केही स्थानमा बिउ राखेको खेतको ब्याडमा धाजा फाटेको छ ।

असारमा पनि खेतका फाँट धुलाम्मे भएको देख्दा बाँकेको राप्तीसोनारी गाउँपालिका-७ फत्तेपुरका किसान धुमलिया थारूले विगत वर्षहरुमा यस्तो समस्या भोग्न नपरेको सुनाए ।

"वैकल्पिक सिँचाइ वा पानी लाग्ने अवस्था छैन, त्यसैले हामीलाई धेरै गाह्रो छ ।"-उनले भने । आफ्नो १० कट्ठामात्रै खेत रहेको उल्लेख गर्दै थारुले परिवार पाल्न करिब डेढ बिघा क्षेत्रफलमा धानखेती गर्दै आएको बताए । यसपटक पर्याप्त वर्षा नभए धानको उत्पादन घट्दा त्यसको प्रत्यक्ष असर उनको परिवारमा पर्ने निश्चित छ ।

बर्सेनि (बटैया) अधिया धानखेती गरेर करिब १० क्विन्टल धान उत्पादन हुने गरेको अनुभव सुनाउँदै थारुले भने-"जति सकिन्छ त्यति नै रोप्ने हो तर अहिलेसम्म वर्षा भएको छैन ।"

सिक्टा सिँचाइका सुविधा भएका स्थान र डिपबोरिङमार्फत् हुने सिँचाइबाट बाँकेका केही स्थानीय तहमा रोपाइँ गरिएको छ । तर अधिकांश खेतका फाँट धुलाम्मे देखिएका छन् । खासगरी डुडुवा, नरैनापुर र राप्तीसोनारीका दक्षिणी भेगका खेत धुलाम्मे अवस्थामा छन् ।

कृषि ज्ञानकेन्द्र बाँकेका प्रमुख विनोद घिमिरेले वर्षा नभएका कारण आत्तिनुपर्ने अवस्था नरहेको उल्लेख गर्दै भदौको पहिलो सातासम्म रोपाइँ गर्न मिल्ने बताए । उनले अहिले पनि किसानका ब्याडमा रहेको बिउ ठूलो नभएकाले जिल्लाको उत्तरी भेगमा मात्रै केही मात्रामा रोपाइँ भएको जानकारी दिए ।

"अब केही दिनमा वर्षा सुरु हुँदैछ, त्यसबेला खेत बनाउन पनि समय लाग्छ, त्यसैले एक सातापछि बाँकेमा रोपाइँ सुरु होला ।"-प्रमुख घिमिरेले भने । गत वर्ष जिल्लामा कुल खेतीयोग्य जमिनमध्ये तीन हजार ८१८ हेक्टरमा रोपाइँ भएको थियो । रोपाइँ हुने क्षेत्रफल कुल ३४ हजार ७११ हेक्टर जमिनमध्ये गत वर्ष ११ प्रतिशतमात्रै रोपाइँ भएको थियो । तर अहिले असार १२ गतेसम्म जिल्लाका केही भेगबाहेक अधिकांश क्षेत्रमा रोपाइँ भएको छैन ।

**लुम्बिनीमा ...**

त्यसमध्ये ३ लाख नौ हजार ३७२ हेक्टर क्षेत्रमा धान खेती गरिने लक्ष्य निर्धारण गरिएको छ । हालसम्मको प्रगतिअनुसार अझै करिब दुई लाख ४६ हजार ७०१ हेक्टर क्षेत्रमा धान रोपाइँ गर्न बाँकी रहेको छ ।

बाली प्रसार अधिकृत गैरेले मनसुन थप सक्रिय भएसँगै आगामी दिनमा प्रदेशभर धान रोपाइँले अझ गति लिने बताए । उनका अनुसार पर्याप्त वर्षा हुने क्रम जारी रहे अधिकांश जिल्लामा रोपाइँ उल्लेखनीय रूपमा बढ्नेछ भने समयमै रोपाइँ सम्पन्न भए यस वर्ष धान उत्पादनमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

धान देशको प्रमुख खाद्यान्न बाली र कृषकको मुख्य आयआर्जनको आधार भएकाले समयमै रोपाइँ सम्पन्न हुनु खाद्य सुरक्षा र कृषि उत्पादनका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छ ।

**क्राउन रिजर्व डिष्टिलरी लिमिटेड**
**शुद्धोधन-३, रुपन्देही**

**मूल्य सूची सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८३।०३। १६

यस उद्योगबाट उत्पादित निम्न लिखित ब्राण्डको मदिरा आ.व. २०८२/०८३ को लागि अर्को सूचना प्रकाशित नहुँदासम्मको लागि मिति २०८३।०३।१६ गतेदेखि लागू हुने गरी निम्न लिखित मूल्यमा खरिद विक्री गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Brands | UPw | ML | Dealer Price | Dealer Commission | Wholesale Price | Wholesale Commission | Retail Price | Retail Commission | Consumer Price | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | Per Case | Per Bottle |
| 1 | Ruchi Apple | 70 | 300 | 1200 | 60 | 1260 | 55 | 1315 | 635 | 1950 | 65 |

नोटः उपर्युक्त मूल्यमा मु.अ.कर समेत समावेश गरिएको छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# नयाँ पर्यटकीय गन्तव्य बन्दै गुम्चालको 'थामलेक'



**नवीन लोचनमगर**

*रोल्पा*

रोल्पाको लुङ्ग्री गाउँपालिका वडा नं. ६, गुम्चालमा रहेको थामलेक पर्यटकीय गन्तव्यका रुपमा विकास भइरहेको छ । धार्मिक तथा प्राकृतिक रुपमा निकै आकर्षक यहाँको मन्दिर तथा भौगोलिक बनावट आन्तरिक पर्यटकका लागि रोजाईको गन्तव्य बन्न थालेको छ। समुद्रि सतहबाट करिब २२०० मिटर उचाइँमा रहेको थामलेकलाई पर्यटकीय गन्तव्य बनाउन स्थानीय पनि सक्रिय देखिन्छन् ।

**प्राकृतिक गन्तव्य**

उसो त यहाँ बाह्रै महिना विभिन्न वनस्पति, हावापानी, फूलहरुको सुन्दर सजावट एवम् स्थानीय कला संस्कृतिको लोभलाग्दो दृष्य देख्न पाइन्छ । तर खासगरि गर्मी समयमा प्राकृतिक सुन्दरतामा हराउँदै डाँडामा बसेर शिरशिर बतासको झोक्कासँग रमाउनु, मिलेर बसेका थुम्काहरुसँग अंकमाल गर्दै विभिन्न भिडियो, तस्विर खिचाउँदा निश्चिय नै स्वर्गानुभूति हुन्छ । 'यहाँ बनावटी कुरा केही आवश्यक छैन, प्राकृतिकरुपमा जे जति भौगोलिक बनावट छ, यसैमा 'न्याचुरल' आनन्द छ,' वडा अध्यक्ष तथा स्थानीयवासी जोखबहादुर बुढाथोकीले भने-'हामीले अन्य केही संरचना थप्ने योजना बनाए पनि प्राकृतिक सौन्दर्यतालाई मर्न दिँदैनौं ।'

आफ्नो गाउँठाउँमा पर्यटकहरु आउने र चहलपहल बढ्न थालेपछि स्थानीय पनि दंग छन् । 'पहिले गाई चराउने ठाउँ हो, भदौरे पुजापाठ पनि हुन्थ्यो, अहिले मान्छेहरु घुम्न आउँछन्,' स्थानीय मनसुर बुढाक्षेत्री भन्छन्-'डाँडामा घुम्छन्, पुजा गर्छन्, फोटो खिच्छन्, हामीलाई पनि रमाइलो लाग्छ ।' थामलेकको पर्यटकीय प्रवर्द्धनसँग स्थानीयको आयआर्जन पनि जोडिएको छ । अहिले व्यवस्थित होम स्टे वा अन्य सुविधा नभए पनि समूहमा आउने पर्यटकलाई स्थानीय समुदायले खानपानको व्यवस्था गर्छन् । पाहुनाको मागअनुसार कोदोको परिकार तथा अर्गानिक खानपान यहाँको विशेषता हो । झण्डै तीनचार सय घरधुरीको बाक्लो गाउँको सिरानीमा छ -थामलेक । लेकबाट हेर्दा गुम्चाल गाउँ निकै आकर्षक देखिन्छ । एकै ठाउँमा गुचुप्पै मिलेर बसेका गुम्चाल गाउँहरुले पनि थाम लेकको पर्यटकीय क्षेत्रलाई थप उर्जा दिइरहेका छन् ।

**थामलेकको धार्मिक महत्व**

थामलेकमा शिवालय मन्दिर रहेको छ । शिवको पुजा गरिने यहाँ आफूले चाहेको वा मागेको पूरा हुने धार्मिक जनविश्वास रहिआएको छ । थाम शिवालय मन्दिर व्यवस्थापन समितिका कोषाध्यक्ष तथा पुजारु रत्न केसीले रुखको फेदीबाट वि.सं. २०१२ सालदेखि यहाँ पुजा गर्न थालिएको हो । स्थानीय विजय बुढाथोकी, कमानसिंह खत्री ऐमने विष्टलगायतले मन्दिर स्थापना गरेको केसीको भनाइ छ ।

स्थानीय तह तथा स्थानीय दाताहरुको सहयोगमा अहिले तीनतले मन्दिर बनेको छ । मन्दिर निर्माणका लागि गुम्चाल क्षेत्रबाट वैदेशिक रोजगारमा गएका युवाहरुले थाम मिलिजुली सेवा समाज दोहा कतारको अगुवाइमा सहयोग संकलन गरेका थिए । यहाँ विष्ट, खत्री र बुढाथोकीले विशेष पुजाआजा गर्छन् । जेठ, भदौ, माघ र शिवरात्रीमा गरी चारपटक यहाँ पूजाआजा गरिनुका साथै भव्य मेला लाग्ने गर्दछ ।

**पर्यटन विकासतर्फ सरोकारवालाको ध्यान**

यसक्षेत्रको समग्र विकासका लागि लुङ्ग्री गाउँपालिकाले गुरुयोजना बनाउँदैछ । आ.व. २०८३/०८४ मा करिब ७५ लाख बजेट विनियोजन भएको लुङ्ग्री गाउँपालिका वडा नम्बर ६ का अध्यक्ष जोखबहादुर बुढाथोकीले बताए । त्यसमा ३० प्रतिशत पालिकाले म्याचिङ गर्नेछ र करिब एक करोड ७ लाख बराबरको बजेट विनियोजन भएको छ । अध्यक्ष बुढाथोकीका अनुसार आगामी वर्षमा भौतिक निर्माणतर्फ घेराबार, सार्वजनिक शौचालय, लिफ्टबाट खानेपानीको व्यवस्था गर्ने, बालउद्यान बनाउने, बराह भन्दिर नजिकै ओल्लो र पल्लोडाँडाको बिचमा सीसाको पुल अर्थात् स्काइब्रिज बनाउने पर्यटन गुरुयोजनामा छ । करिब ५०/५५ लाख समुदायको आर्थिक संकलन र १५ लाख बराबर समुदायको श्रमदान भएको कारणले स्थानीयको चासोलाई हेरेर स्थानीय सरकारले पनि विकास निर्माणका लागि ध्यान पुर्‍याएको हो ।

**पर्यटन प्रवर्द्धनमा 'सनस्टार क्लब'को हातेमालो**

थामलेकको पर्यटकीय सम्भावना तथा पर्यटन प्रचारप्रसारका लागि भन्दै जिल्लामै चर्चित सनस्टार युवा क्लबले घुम्ती बैठक एवम् साहित्य र सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ। जिल्लाभरको पर्यटकीय गन्तव्यहरुको विकास र प्रचारप्रसार गर्ने उद्देश्यले जारी अभियानअन्तर्गत यसपटक थामलेकमा कार्यक्रम गरिएको रोल्पा नगरपालिकाका पूर्वमेयर तथा क्लबका अध्यक्ष पूर्ण केसीले बताए ।

लुङ्ग्री गाउँपालिकाको समन्वय, थाम शिवालय मन्दिर व्यवस्थापन समितिको व्यवस्थापन र नमस्ते लुम्बिनी ट्राभल्स एण्ड ट्रेकिङ प्रालिको सहकार्यमा गत शनिबार र आइतबार उक्त कार्यक्रम गरिएको हो । लुङ्ग्री गाउँपालिकाकै महत्वपूर्ण गन्तव्यको रुपमा रहेको थामलेकको विकासमा सहकार्य गरेको भन्दै गाउँपालिका अध्यक्ष भरतकुमार थापाले खुसी व्यक्त गरे । उक्त अवसरमा आयोजित 'सिर्जनाका सुस्केरा' र 'सङ्गीतका धुनहरु' सेसनमा विभिन्न साहित्य सिर्जना तथा गीतसङ्गीतहरु प्रस्तुत गरिएका थिए भने पुरण क्षेत्रीद्वारा लेखिएको दुईवटा गीतसमेत सार्वजनिक गरिएको थियो ।

**कसरी पुग्ने थामलेक ?**

थामलेक पुग्न दूरीका हिसाबले धेरै टाढा छैन । पूर्वी रोल्पाको मुख्य व्यापारिक केन्द्र सुलिचौरबाट वडाचौर एयरपोर्ट हुँदै थामलेक पुग्न सकिन्छ । पक्की सडकबाट उचालढुङ्गा छेडा पुगेपछि दायाँतिरको डाँडातिर कच्ची सडकबाट जानुपर्छ । कच्ची सडकको करिब १ किलोमिटरसम्म यातायातका साधन पुग्छ । त्यसपछि करिब १० मिनेट हिडेपछि थामलेक पुग्न सकिन्छ । अग्लो डाँडाबाट गामको कोठीभिर, सिस्ने हिमाल, प्यूठानको स्वर्गद्वारी, जलजला पहाडलगायतका क्षेत्रहरु देख्न सकिन्छ ।

# ब्रिलियण्टद्वारा हेलिकप्टरदेखि हलो जोताई र रोपाइँसम्मको सिकाइ

**प्रेम सुनार**

*गुल्मी*



शहर बजारतिर पढ्ने साना नानीबाबुहरुलाई सोध्यो- "तिमीले पिइरहेको दूध गाईको हो कि भैंसीको ? "

जवाफ आउँछ तोते बोलीमा- "होइन के, उ पर डेरीको हो के ।"

कक्षा १, २ सम्म पढ्ने बालबालिकाको यस्तो जवाफले आजको औपचारिक शिक्षाको एउटा वास्तविकता देखाउँछ । अझ गुल्मी सदरमुकाममा अध्ययनरत १० जना छात्रछात्रालाई "अनिकाल भनेको के हो ?" भनेर सोध्दा ८ जनाले थाहा नभएको बताए भने दुई जनाले केही बेर सोचेर "सायद कुनै कुराको अभाव होला" भन्दै अनुमान गरे । गाउँको रहनसहन, रीतिरिवाज, कामकाज, मेलापाता र मौलिक संस्कृतिका विषयमा प्रश्न गर्दा पनि धेरै बालबालिका अलमलिन्छन् । किताबका पानामा देखिएका विषय व्यवहारमा अनुभूति गर्न नपाउँदा यस्तो अवस्था आएको देखिन्छ ।

यही अवस्थालाई मध्यनजर गर्दै गुल्मीको सदरमुकाम तम्घासस्थित ब्रिलियण्ट युनाइटेड एकेडेमीले औपचारिक शिक्षासँगै व्यवहारिक सिकाइलाई पनि सँगसँगै अगाडि बढाउँदै आएको छ । गुल्मी जिल्लामै पहिलो पटक अन्तर्राष्ट्रिय स्तरको मन्टेश्वरी कक्षा सञ्चालन गरेको उक्त एकेडेमीले आफ्ना विद्यार्थीलाई हेलिकप्टरको ज्ञानदेखि खेतबारीमा हलो जोत्ने, धान-कोदो रोप्ने, गाउँदेखि शहर र शहरदेखि विश्व परिवेशसम्म आवश्यक पर्ने जीवनोपयोगी ज्ञान र सीप प्रदान गर्दै आएको छ ।

यसैक्रममा राष्ट्रिय धान दिवसको अवसर पारेर विद्यालयले मन्टेश्वरी तहका विद्यार्थीलाई कक्षाकोठाबाट बाहिर निकालेर खेतसम्म पुर्‍यायो । बिहानैदेखि हिलाम्य खेतमा किसानहरू धान रोप्न व्यस्त थिए । त्यही बीचमा विद्यालय पोसाकमै रहेका साना बालबालिका पनि हातमा धानको बेर्ना बोकेर रोपाइँ सिकिरहेका थिए ।

कसैले धानको बिउ समातेका थिए भने कसैले परम्परागत कृषि औजार हलो, कोदालो, जुवा, फरुवा र बाँसबाट बनेका सामग्रीबारे जानकारी लिँदै थिए । उनीहरू किसानका सन्तान मात्र थिएनन्, विद्यालयका विद्यार्थी थिए, जसले किताबमा मात्र देखेको धान, हिलो र रोपाइँलाई पहिलो पटक आफ्नै हातले छोए, हिलोमा खेले र धान रोप्ने अभ्यास गरे ।

शिक्षकहरूको मार्गदर्शनमा उनीहरूले धान कसरी उत्पादन हुन्छ, एउटा दानाको पछाडि किसानको कति मेहनत हुन्छ र कृषि जीवनसँग कसरी जोडिएको छ भन्ने कुरा व्यवहारमै सिके ।

धान रोपाइँपछि विद्यार्थीलाई खाजा व्यवस्थापनदेखि सहकार्य र जिम्मेवारी बहन गर्ने अभ्यास समेत गराइएको थियो ।

विद्यालयका प्रधानाध्यापक सन्तोष थापाले पढाइलाई सिकाइसँग जोड्नुपर्ने उद्देश्यका साथ यस्ता कार्यक्रम सञ्चालन गरिएको बताए । "बालबालिकाले केवल किताबमा होइन, जीवनबाट पनि सिक्नुपर्छ भन्ने हाम्रो मान्यता हो ।"- उनले भने ।

आजका धेरै बालबालिका मोबाइल र डिजिटल संसारमा बढी रमाइरहेका बेला खेतको हिलोसँग उनीहरूको परिचय गराउने यस्ता गतिविधि अझ अर्थपूर्ण रहेको विद्यालयका कार्यवाहक अध्यक्ष ढुण्डिराज पोखरेलले बताए ।

उनका अनुसार असार १५ केवल धान रोपाइँ र दही-चिउराको पर्व मात्र नभई कृषि सभ्यता, श्रम संस्कृति र नेपाली मौलिकताको सम्मान गर्ने दिन पनि हो । यही अवसरलाई व्यवहारिक शिक्षासँग जोडेर कार्यक्रम आयोजना गरिएको उनले बताए । हिलोले लतपतिएका साना अनुहारमा देखिएको मुस्कानले एउटा सन्देश दिइरहेको थियो- सिकाइ कक्षाकोठाको चार पर्खालभित्र मात्र सीमित हुँदैन ।

ब्रिलियण्ट युनाइटेड एकेडेमीले गुल्मी जिल्लामा पहिलो पटक यातायात सुविधासहित मन्टेश्वरी विधिबाट पठनपाठन सुरु गरेको छ भने २०८३ सालदेखि पूर्ण मन्टेश्वरी विधिमा आधारित शिक्षालाई अझ व्यवस्थित गर्ने लक्ष्यसहित नयाँ स्थानमा भव्य पूर्वाधारसहित सञ्चालनमा आएको प्रिन्सिपल सन्तोष थापाले बताए ।

विद्यालयमा स्मार्ट बोर्ड, आधुनिक कक्षा कोठा, एसीसहित प्रविधिमैत्री वातावरण तयार गरिएको बताउँदै उनले संस्कारसहितको शिक्षा र जीवन उपयोगी सीप विकासमा विद्यालय केन्द्रित रहेको जानकारी दिए ।

# ठूलो लुम्पेक वातावरणमैत्री स्थानीय शासन वडा घोषणा



गुल्मी । गुल्मीको सत्यवती गाउँपालिका वडा नं. ३ ठूलो लुम्पेक वातावरणमैत्री स्थानीय शासन वडाको रुपमा घोषणा भएको छ । जलवायु अनुकुलन तथा उत्थानशील समाज निर्माणगरी हरियाली प्रवर्द्धन, प्राकृतिक स्रोतको संरक्षण गर्ने उद्देश्यका साथ वडालाई वातावरणमैत्री स्थानीय शासनको रुपमा घोषणा गरिएको हो ।

ठूलो लुम्पेकलाई वातावरणमैत्री स्थानीय शासन वडाको रुपमा घोषणा गर्दै सत्यतवी गाउँपालिकाका उपाध्यक्ष निरमाया तरामुले वातावरणीय हिसाबले समाजलाई स्वस्थ बनाउन फोहोर व्यस्थापन, वृक्षरोपण र नियमित सरसफाइ आवश्यक पर्ने कुरामा जोड दिएकी थिइन् । पानीका मुहान संरक्षणका लागि जैविक विविधता र हरियाली प्रवर्द्धनमा स्थानीयहरुको लगानी र भूमिका बढाउनु पर्नेमा जोड दिँदै गाउँ, वडा र पालिकालाई वातावरणमैत्री स्थानीय तहको रुपमा विकास गर्न सरोकारवाला सबैसँग सहकार्य र समन्वय अनिवार्य हुने उनले विचार व्यक्त गरिन् ।

कार्यक्रमका विशिष्ट अतिथि तथा सत्यवती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पौडेलले ठूलो लुम्पेक आफैँमा प्राकृतिक श्रोत साधनहरुले भरिपूर्ण स्थानीय तह भएको र यसको संरक्षण र सम्बर्द्धनमा स्थानीयहरुको थोरै मेहनत र लगानीले पनि सत्यवतीलाई पूर्ण वातावरणमैत्री स्थानीय तहको रुपमा घोषणा गर्न सहज हुने बताए ।

कार्यक्रममा सत्यवती गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष खड्गवीर थापाले स्वच्छ वातावरण र हरियाली प्रवर्द्धनले गाउँ र समाज स्वच्छ हुनुका साथै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने भएकोले वातावरणमैत्री स्थीय तहको परिकल्पना वरदान सावित हुने विचार व्यक्त गरेका थिए ।

यसैगरी सत्यवती गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख हिमलाल भण्डारीले वातावरणमैत्री स्थानीय तह घोषणाले गाँउ टोल र समाजलाई वातावरणीय रुपमा स्वच्छता कायम हुनुका साथै स्थानीय प्राङ्गारिक, रैथाने कृषि प्रवर्द्धन र नसर्ने रोगहरूको प्रकोप तथा जोखिम न्यूनीकरणमा सहज बनाउँदै लैजाने कुरा उल्लेख गरेका थिए ।

यस्तै कार्यक्रममा स्वागत तथा कार्यक्रमको औचित्यबारे आफ्नो धारणा राख्दै वनवातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख लक्ष्मण विश्वकर्माले सवल र सक्षम स्थानीय तहको रुपमा विकास गर्न स्थानीय उत्पादन र स्वस्थ वातावरणलाई प्राथमिकताको सूचीमा राख्न आवश्यक रहेको उल्लेख गरे ।

कार्यक्रमको अध्यक्षता गर्दै वडा नं. ३ का वडा अध्यक्ष जीतबहादुर तरामुले भावि पुस्ताका लागि प्राकृतिक स्रोत साधनहरुको संरक्षण गरी नयाँ पुस्तामा स्वस्थ वातावरण हस्तान्तरण गर्नुपर्ने आजको अनिवार्य आवश्यकता भएको विचार व्यक्त गरेका थिए । वडास्तरीय वातावरणमैत्री स्थानीय शासन समन्वय समितिका संयोजक समेत रहेका वडाध्यक्ष तरामुले वातावरणमैत्री स्थानीय शासनको रुपमा वडा घोषणाको तयारीका लागि विभिन्न टोलहरुमा समेत सरसफाई र वृक्षारोपण कार्यक्रम सञ्चालन गरिएको र जसले वडालाई वातावरणमैत्री स्थानीय शासनको दिगोपनाको सुनिश्चितता कायम गर्नमा सहज पुर्‍याउने बताए ।

वातावरणमैत्री स्थानीय शसान वडा घोषणा कार्यक्रममा साहित्यकार तथा अध्येता खोमा तरामु मगरले विकसित पुँजीवादी तथा साम्राज्यवादी मुलुकहरूले प्राकृतिक स्रोत-साधनको अनियन्त्रित दोहन गरेका कारण विश्वव्यापी जलवायु परिवर्तनको संकट गहिरिँदै गएको र त्यसको सबैभन्दा ठूलो पीडा नेपालजस्ता न्यून कार्बन उत्सर्जन गर्ने विकासशील मुलुकहरूले भोग्नुपरेको धारणा व्यक्त गरेका थिए ।

उनले वातावरण संरक्षण, प्राकृतिक स्रोतको दिगो उपयोग तथा स्थानीय तहबाट वातावरणमैत्री विकास अभ्यासलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको जनाए ।

सत्यवती गाउँपालिका वन वातावरण तथा विपद् शाखाको आयोजनामा भएको कार्यक्रममा ठूलोलुम्पेक स्वास्थ्य चौकीका इञ्चार्ज तिलक रानाको सञ्चालनमा सम्पन्न भएको थियो । वडा कार्यालयको सभाहलमा भएको कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, स्थानीय टोल विकास संस्थाका प्रतिनिधि, संघ संस्थाका प्रतिनिधि र स्थानीयहरुको सहभागिता रहेको थियो ।

# स्याङ्जाका स्थानीय तहको झण्डै ७ अर्ब बजेट



**प्रकाश डोटेल**

*स्याङ्जा*

जिल्लाका ११ वटै स्थानीय तहले कृषि, पर्यटन र पूर्वाधार विकासलाई प्राथमिकतामा दिँदै आर्थिक वर्ष २०८३/०८४ को लागि झण्डै ७ अर्ब बराबरको बजेट ल्याएका छन् । विकास पूर्वाधारसँगै सुशासन र डिजिटल सेवा प्रवाहमा जोड दिएका स्थानीय तहले ६ अर्ब ९८ करोड ४२ लाख ८७ हजार ४७३ रुपैयाँ बराबरको बजेट ल्याएका हुन् ।

स्थानीय तहमध्ये ५ नगरपालिका र ६ गाउँपालिकामध्ये सबैभन्दा ठूलो पुतलीबजार नगरपालिकाले पर्यटन क्षेत्रको प्रवर्द्धन र उत्पादनमुखी विकासमा केन्द्रित रहेको जनाउँदै ९६ करोड ७३ लाख १६ हजार चार सयको बजेट ल्याएको छ भने सबैभन्दा कम फेदीखोला गाउँपालिकाले ४० करोड १६ हजार चार सय रुपैयाँ बराबरको बजेट ल्याएको छ ।

बजेटमार्फत् जिल्लाका स्थानीय तहले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास, रोजगारी सृजना र पर्यटन क्षेत्रको समुचित विकासमा जोड दिएर सुशासन कायम गर्दै डिजिटल सेवा प्रवाह, सामाजिक सुरक्षा तथा स्थानीय उत्पानलाई प्रवर्द्धन गर्ने रणनीति लिएका हुन् । पुँजीगत खर्चको तुलनामा कतै दोब्बरभन्दा बढी त कतै झण्डै तेब्बरको अंकमा चालु खर्चमा बजेट विनियोजन गरेका स्थानीय तहले नीति तथा कार्यक्रममा आकर्षक नारा दिन छुटाएका छैनन् ।

पूर्वाधार विकाससँगै कृषिमा यान्त्रिकीकरण, तरकारी र फलफूलमा आत्मनिर्भर बन्ने रणनीति लिएको वालिङ नगरपालिकाले चालुतर्फ ६२ करोड ४७ लाख ११ हजार ७३६ र पुँजीगततर्फ २६ करोड ५४ लाख ४८ हजार गरी ८९ करोड एक लाख ५९ हजार ७३६ रुपैयाँको बजेट ल्याएको छ । स्वास्थ्य, शिक्षा, पर्यटन र पूर्वाधारको दिगो विकास र दलहन उत्पादनमा जोड दिएको गल्याङ नगरपालिकाले ८६ करोड ६३ लाख ५० हजार रुपैयाँको बजेट ल्याएको जनाएको छ ।

पशुपालन, तरकारी उत्पादन र फलफूल खेती विस्तारमा प्राथमिकता दिएको चापाकोट नगरपालिकाले ६६ करोड ४८ लाख ७४ हजार ७२ रुपैयाँको बजेट ल्याएको छ । 'समृद्ध भीरकोटको आधारः कृषि, पर्यटन र आँधीखोलाको उपहार' आकर्षक नारा दिएर भीरकोट नगरपालिकाले कृषि उत्पादनमा वृद्धि, गुणस्तरीय शिक्षा, सडक सञ्जाल विस्तार, खानेपानीको सहज पहुँच, बाह्रै महिना सिँचाइ सुविधा र डिजिटल सेवा प्रवाहलाई सुशासनसँग जोड्दै ५७ करोड ३० लाख ९७ हजार ८८१ रुपैयाँको बजेट ल्याएको नगरप्रमुख गोविन्द कुमार कर्माचार्यले बताए ।

'कृषक अनुकूलन परिस्थिति, खेतबारीमा हाम्रो उपस्थिति' भन्ने अवधारणालाई व्यवहारमा उतार्ने प्रतिबद्धता जनाउँदै आँधीखोला गाउँपालिकाले कुल बजेटको चालुतर्फ झण्डै ७० प्रतिशत अर्थात् ४३ करोड १२ लाख र करिब ३० प्रतिशत अर्थात् १८ करोड ५० लाख पुँजीगत खर्चसहित ६१ करोड ६२ लाख बराबरको बजेट ल्याएको छ ।

सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउँदै स्थानीयलाई गुणस्तरको विकास प्रदान गर्ने लक्ष्य लिएको कालीगण्डकी गाउँपालिकाले चालुतर्फ झण्डै ७० प्रतिशत र पुँजीगत शिर्षकमा करिब ३० प्रतिशत हुने गरी ५६ करोड ८१ लाख ८१ हजारको बजेट ल्याएको गाउँपालिका उपाध्यक्ष सावित्री कोइरालाले बताइन् । कृषि उत्पादन ग्रामीण अर्थतन्त्रको आधार मानेको बिरुवा गाउँपालिकाले चालुतर्फ ३६ करोड ७२ लाख २१ हजार ३८४ र पुँजीगततर्फ १५ करोड ६२ लाख ४७ हजार गरी ५१ करोड ६२ लाख ६८ हजार ३८४ रुपैयाँको बजेट ल्याएको छ ।

विगत चार वर्षमा हासिल गरेका उपलब्धिलाई संस्थागत बनाउँदै कृत्रिम बौद्धिकता (एआइ) को बढ्दो प्रभावलाई आत्मसाथ गर्ने नारा दिएर अर्जुनचौपारी गाउँपालिकाले ४७ करोड ९४ लाख २४ हजार रुपैयाँको बजेट ल्याएको छ । त्यस्तै हरिनाश गाउँपालिकाले चालुतर्फ ३० करोड ५२ लाख र पुँजीगत शीर्षकमा १३ करोड ७२ लाख गरी ४४ करोड २४ लाख रुपैयाँ बराबरको बजेट ल्याएको गाउँपालिकाले जनाएको छ ।

जिल्लाका स्थानीय तहले सार्वजनिक गरेका बजेटमार्फत् पूर्वाधार विकाससँगै आधारभूत सेवा प्रवाहलाई समयसापेक्ष सुदृढीकरण गर्ने प्रतिबद्धता जनाएको देखिन्छ । कृषिको उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृजना, ग्रामीण अर्थतन्त्रको सबलीकरणसँगै दिगो विकासलाई केन्द्रमा राख्दै स्थानीय तहले बजेट सार्वजनिक गरेको स्थानीय बुद्धिजीवीको बुझाइ छ ।

नीति तथा कार्यक्रममार्फत् अर्जुनचौपारीले उत्पादनमुखी क्षेत्रमा संलग्न परिवारलाई प्रतिमहिना ५० युनिटसम्म विद्युत् महशुलमा छुट दिने घोषणा गरेको छ । गाउँका युवालाई विदेश जानबाट रोक्न बाँझो जमिनमा खेती गरे प्रतिरोपनी ३ हजारसम्म अनुदान दिँदै आएका फेदीखोला र कालीगण्डकी गाउँपालिकाले 'विदेश होइन्, बिजनेश' भन्ने अभियान चलाउने भएका छन् । 'घर-घरमा रोजगार, होम स्टेबाट आर्थिक सुधार' को माध्यमबाट स्थानीय उत्पादनको ब्राण्डिङ् गर्न तयारी थालेका पुतलीबजार, वालिङ, गल्याङ र चापाकोट नगरपालिकाले स्थानीयस्तरमा उत्पादन हुने सुन्तला, कागती, आँप, लिची, किवी, ड्रागन, एभोकाडो, अकबरे खुर्सानी, कफी, केरा, कुरिलोलगायतका उच्च मूल्यका बालीको व्यावसायिक उत्पादनसँगै विस्तार गर्ने लक्ष्य लिएका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सञ्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

फोनः ०७१-५३५३१७
प्रो. मञ्जु एण्ड सन्स
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com